# अध्याय - एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा मानव जीवनको एक अभिन्न अंग हो । शिक्षा विना मानव पशुतुल्य हुन्छ । त्यसैले कुनै पनि देश र जनताको विकासको लागि शिक्षा अपरिहार्य हुन्छ । देशको सर्वाङ्गीण विकासका लागि शिक्षा नभई नहुने तत्व हो । शिक्षाको अभावमा अन्य कुनै पनि क्षेत्रको विकासको परिकल्पना गर्न सकिदैन । शिक्षा त्यस्तो प्रक्रिया हो जसले व्यक्तिलाई आफ्नो आदर्श अनुसार निश्चित लक्ष्य हासिल गर्न ज्ञान, सीप अनुसार हरेक बदलिँदो परिवेशमा समयानुकुल आफ्नो व्यवहारमा परिवर्तन गरी समय सापेक्ष समायोजन हुन सहयोग गर्दछ । शिक्षा एउटा यस्तो शक्ति हो जसले व्यक्ति, समाज, क्षेत्र र राष्ट्रलाई गति प्रदान गर्नुका साथै व्यवहारिक र विकसित बनाउनमा पूर्ण सहयोग गर्दछ । शिक्षाले मानवको हरेक सामाजिक मूल्य र मान्यताका आधारहरु प्रदान गरी व्यक्तित्व विकासमा सहयोग गर्न सक्नु पर्दछ ।

विषय शिक्षकले आफु अध्यापन गर्नु पर्ने विषयवस्तुलाई प्रष्ट र सरल तरिकाबाट विभिन्न किसिमका विधि, क्रियाकलाप सामग्री र मूल्यांकन लगायतका प्रकृयाहरु अपनाएर शिक्षण सिकाइ क्रियाकलाप संचालन गरिन्छ । शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन विभिन्न सीपमूलक शैक्षिक सामग्रीहरुको प्रयोग आवश्यक हुन्छ । यसलमा पनि मा.वि. तहमा विभिन्न अनिवार्य विषयहरुको शिक्षणसँग सम्बन्धित धारणा वा विषयवस्तुलाई तुलनात्मक, विवरणात्मक वा विकासात्मक ढंगले बुझिने गरी प्रस्तुत गरिन्छ । प्रस्तुत गर्दा निश्चित नियम र विन्दुलाई आधार मानिन्छ । यसले खासगरी धेरै विषयवस्तुलाई छोटो रुपमा सरल ढंगले प्रस्तुत गर्दछ । माध्यमिक तहमा अनिवार्य विषयहरु गणित, अंग्रेजी, नेपाली, सामाजिक, विज्ञान र स्वास्थ्य जनसंख्या र वातावरण रहेका छन् ।

वि.सं. २०५५ मा गठन भएको उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको सिफारिस बमोजिम माध्यमिक तहमा ६ वटा विषयलाई अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गरिएको छ । यसरी माध्यमिक तहमा अध्यापन गराउने ६ वटा अनिवार्य विषयहरुको अधिराज्यभरीको नतिजा विवराण यस प्रकार उल्लेख गरिएको छ ।

तालिका नं. १

| क्र.सं. | विषय | उत्तीर्ण प्रतिशत | | |
|---|---|---|---|---|
| | | वि.सं. २०६५ | वि.सं. २०६६ | वि.सं. २०६७ |
| १. | अंग्रेजी | ८०.९६ | ७४.७१ | ७१.८१ |
| २. | नेपाली | ९५.८७ | ९४.६० | ९२.०४ |
| ३. | गणित | ८०.३२ | ७८.५८ | ६९.६८ |
| ४. | विज्ञान | ८६.०६ | ८३.०५ | ७४.२७ |
| ५. | सामाजिक | ९५.६९ | ९२.१८ | ८८.८६ |
| ६. | स्वास्थ्य, जनसंख्या तथा वातावरण | ९८.९६ | ९८.१४ | ९७.५४ |

(स्रोतः एस.एल.सी.परीक्षा तथ्याङ्क, परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुर)

माथि उल्लेखित तालिका अध्ययन गर्दा अनिवार्य विषयहरुको शैक्षिक उपलब्धी विवरण उल्लेख गरेको पाइन्छ । यस तथ्याङ्क अनुसार तीन वर्षको एस.एल.सी. नतिजालाई आधार मानी शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्न सकिन्छ । जस अनुसार २०६५ सालमा भएको अनिवार्य विषयको परीक्षाको नतिजा अनुसार सबैभन्दा कम परीक्षार्थी गणित विषयमा ८०.३२ प्रतिशत उत्तीर्ण गरेको पाइन्छ भने सबैभन्दा बढी परीक्षार्थीहरु स्वास्थ्य जनसंख्या तथा वातावरण विषयमा ९८.९६ प्रतिशत उत्तीर्ण गरेको पाइन्छ । यसै गरी २०६६ सालको एस.एल.सी.को नतिजा अनुसार सबैभन्दा कम परीक्षार्थी अंग्रेजी विषयमा ७४.७१ प्रतिशत उत्तीर्ण गरेको पाइन्छ भने सबैभन्दा बढी स्वास्थ्य जनसंख्या तथा वातावरण विषयमा ९८.१४ प्रतिशत उत्तीर्ण गरेको पाइन्छ । यसै क्रममा २०६७ सालको एस.एल.सी.को नतिजा अनुसार सबैभन्दा कम परीक्षार्थी गणित विषयमा ६९.६८ प्रतिशत उत्तीर्ण गरेको पाइन्छ भने सबैभन्दा बढी स्वास्थ्य जनसंख्या तथा वातावरण विषयमा ९७.५४ प्रतिशत उत्तीर्ण गरेको पाइन्छ ।

यसरी समग्रमा हेर्दा २०६५ सालमा अंग्रेजी विषयको उत्तीर्ण प्रतिशत कम भए पनि २०६६ सालमा गणित विषयको उत्तीर्ण प्रतिशत कम देखिन्छ । यसै गरी २०६७ सालमा पनि सबैभन्दा कम उत्तीर्ण प्रतिशत गणित विषयमा नै देखिन्छ । तर हरेक वर्षको एस.एल.सी. नतिजा अनुसार सबैभन्दा बढी उत्तीर्ण प्रतिशत स्वास्थ्य, जनसंख्या तथा वातावरण विषयमा नै देखिन्छ । तर समग्रमा भन्नु पर्दा अनिवार्य विषयहरुको शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्ने क्रममा हरेक वर्ष शिक्षण सिकाइ क्रियाकलाप खस्किँदै गएको कुरा यस तथ्याङ्कबाट

पुष्टी हुन आउँछ । किनकी कुनै पनि वर्ष कुनै पनि अनिवार्य विषयको उत्तीर्ण प्रतिशतमा वृद्धि नभइ घट्दै गएको तथ्य हरेका वर्षको एस.एल.सी. नतिजाको तथ्याङ्कबाट पुष्टी हुन आउँछ । यसरी मावि तहमा अनिवार्य विषयहरुको शिक्षण सिकाइ क्रियाकलापको अवस्था सन्तोषप्रद नभएको देखिन्छ ।

नेपालमा वि.सं. १९१० सालमा श्री ३ जंगबहादुर राणाले अंग्रेजी प्राथमिक विद्यालय खोली औपचारिक शिक्षाको थालनी गरेका थिए । वि.सं.१९३४ मा यसलाई हाइस्कूल बनाइयो भने वि.सं. १९९० सालमा एस.एल.सी. बोर्डको स्थापना गरियो । यस समयमा भारतीय अंग्रेजी स्कूलको पाठ्यक्रममा आधारित भएर अध्यापन गराइन्थ्यो । त्यस समयको पाठ्यक्रम अंग्रेजी भर्नाकुलर , कम्पोजिट, इतिहास, भुगोल र अतिरिक्त गणित पत्र समावेश थियो । यसको पूर्णाङ्क ७०० कायम गरिएको थियो (पौडेल २०५०) । त्यस्तै वि. सं. १९३४ मा संस्कृत पाठशाला खोली काव्य, अमरकोष, संस्कृत, पूराण, वेद, कर्मकाण्ड विषयको पढाई हुन्थ्यो । विद्यार्थीलाई पाठ घोक्नु र घोकाउनु पाठशालाको मूख्य शिक्षण विधि मानिन्थ्यो (ढकाल २०५५) ।

शिक्षाले प्रत्येक व्यक्तिको व्यक्तिगत उद्देश्य पूरा गरेर मात्र जिम्मेवारी पूरा हुँदैन । शिक्षाले बालकको सार्वाङ्गीण विकास गराउनु पर्दछ (वाग्ले २०६१) । यसरी शिक्षाको माध्यमबाट बालबालिकाको अन्तरनिहित प्रतिभाका प्रष्फुटन भई योग्य, दक्ष तथा आवश्यकता अनुकुल सबल र सक्षम नागरिक तयार हुन्छन् । नेपालमा वि.सं.२००७ साल अगाडी विभिन्न किसिमको पाठ्यक्रम अनुसार शिक्षा प्रणालीहरु प्रचलनमा रहेको पाइन्छ । जस्तैः वैद्धिक शिक्षा, वौद्ध शिक्षा, अंग्रेजी शिक्षा, आधार शिक्षा आदि हुन् (वाग्ले २०६०) ।

कुनै पनि शिक्षण विधि छनौट गर्दा सकेसम्म बालकेन्द्रित शिक्षण विधि छनौट गर्नु पर्दछ । जसमा बढीभन्दा बढी विद्यार्थीको सहभागिता रहोस । कुनै एउटा विषयवस्तु शिक्षण गर्न पनि विविध विधि अपनाउन सकिन्छ । शिक्षण विधि चयन गर्दा सकभर विविधता हुने गरी चयन गर्नुपर्दछ । शिक्षण विधिले विद्यार्थीहरुको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, इच्छा, उनीहरुको तहगत स्तर विषयवस्तुको प्रकृति र स्वस्प जस्ता पक्षलाई समेट्न सक्नु पर्दछ । यसरी गरिएको शिक्षण सिकाइ क्रियाकलाप मात्र प्रभावकारी हुन्छ (अधिकारी २०६५) ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ का अनुसार राष्ट्रिय परम्परा, संस्कृति, सामाजिक सम्पदा, लोकतान्त्रिक मूल्यसँगथ परिचित देशको आर्थिक विकासमा योगदान दिन सक्ने दक्ष र स्वस्थ नागरिक उत्पादन गर्नु माध्यमिक शिक्षाको उद्देश्य मानिएको छ । यस तहको मूख्य उद्देश्य देशको सर्वाङ्गीण विकासका लागि क्षमता अनुरुप ठोस योगदान दिन सक्ने सीपयुक्त जनशक्ति उत्पादन गर्नु र विश्व विद्यालय शिक्षाका लागि आवश्यक ज्ञान, सीप, प्रदान गरी सचेत नागरिक

तयार पार्नु हो । वि.सं. २०५५ मा गठन भएको उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको सिफारिस बमोजिम माध्यमिक तहमा ६ वटा विषयलाई अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गरिएको छ । यसरी माध्यमिक तहमा अध्यापन गराउने ६ वटा अनिवार्य विषयहरुको वर्णन तल यस प्रकार गरिएको छ ।

**सामाजिक**

नेपालमा योजनावद्ध विकासको थालनी वि.सं.२०१३ सालबाट सुरु भएको पाइन्छ भने शिक्षाको योजनावद्ध विकास वि.सं.२०११ सालको "नेपाल राष्ट्रिय शिक्षा योजना आयोग" को गठन पश्चात भएको पाइन्छ । त्यसैगरी सामाजिक अध्ययन विषयको पठनपाठन वि.सं. १९९० सालबाट सुरु भएको एस.एल.सी. तहको पाठ्यक्रममा नै समावेश गरिएको थियो । शिक्षालाई समावेश गरिएको थियो । वि.सं. २०१३ सालमा स्थापना भएको उच्च शिक्षाको पाठ्यक्रममा पनि सामाजिक शिक्षालाई समावेश गरिएको थियो ।

सामाजिक अध्ययन भनेको समाजको अध्ययन हो । यसको केन्द्रविन्दु मानिस, सामाजिक संस्था र वातावरणको अन्तरसम्बन्ध हो । सामाजिक अध्ययन मानिस सँगैको र मानिसको वातावरण सँगको अध्ययन हो । सामाजिक अध्ययनले मानवीय सम्बन्धमा बढी जोड दिन्छ । तसर्थ संसारमा शान्ति, सहिष्णुता, सद्भाव तथा समझदारी कायम राख्न सामाजिक अध्ययनलाई कक्षा ९ को अनिवार्य विषयको रुपमा समावेश गरिएको हो , (सामाजिक शिक्षा शिक्षक, स्रोत सामग्री, २०६०) ।

नेपालमा प्राथमिक तहमा सामाजिक शिक्षाको अध्ययन अध्यापन गर्ने कार्य वि.सं. २०११ सालको "नेपाल राष्ट्रिय शिक्षा योजना आयोग" को सिफारिससँगै सुरु भएको पाइन्छ भने त्यसपछिका शिक्षाका विभिन्न आयोगले यस विषयको अध्ययनमा निरन्तरता दिएको पाइन्छ । त्यसै गरी वि.सं.२०२८ सालमा लागू भएको "राष्ट्रिय शिक्षा पद्धतिको योजना" ले सिफारिस गरे अनुसार निम्न माध्यमिक र माध्यमिक तहमा विभिन्न सामाजिक विषयहरु जस्तै भूगोल, अर्थशास्त्र, इतिहास, नागरिकशास्त्र आदि विषयको रुपमा यो विषयको पठनपाठन भएको पाइन्छ ।

वि.सं. २०५५ मा गठन भएको "उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग"को सिफारिस २०५६ सालबाट सामाजिक अध्ययन पाठन पाठन अनिवार्य विषयको रुपमा विद्यालय तहमा हुँदै आएको छ । त्यसैगरी "राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३"का अनुसार विद्यालय तहलाई आधारभूत तह र माध्यमिक तह गरी २ तहमा विभाजन गरिएको छ । दुवै तहमा सामाजिक

अध्ययन विषयलाई अनिवार्य विषयको रुपमा समावेश गरिएको छ । माध्यमिक तहमा सामाजिक विषयको पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ जसमा ९ वटा एकाइहरु समावेश गरी पाठ्यक्रम तयार गरिएको छ ।

**अंग्रेजी**

नेपालमा वि.सं. १९०३ मा राणाशासनको उदय पश्चात जंगबहादुर प्रधानमन्त्री भएपछि बेलायत भ्रमण गरेर फिर्ता भए लगतै वि.सं. १९१० सालमा थापाथली स्थित दरवार हाइस्कूलको स्थापना गरिएको थियो । जसमा आफ्ना परिवारका सन्ततीहरुलाई मात्र शिक्षा दिक्षा अंग्रेजी भाषाको माध्यममा पढाइ सुरु गरेको पाइन्छ । जसबाट देश विदेशको मूख्य सम्पर्कको भाषा नै अंग्रेजी भएकाले अंग्रेजी भाषाबाट अध्ययन अध्यापन गरेको पाइन्छ ।

अन्तराष्ट्रिय भाषाको रुपमा अंग्रेजीलाई बढी प्रयोग गरिएको हुनाले माध्यमिक तहमा अंग्रेजी विषयलाई अनिवार्य विषयको रुपमा समावेश गरिएको छ । आजको एक्काइसौं शताव्दीमा हरेक राष्ट्रमा घटेका घटना, नयाँ नयाँ आविष्कारका वस्तु खबर आदानप्रदान गर्ने मूख्य सञ्चारको माध्यम नै अंग्रेजी भाषा हो । देश विकासको लागि एक राष्ट्रबाट अर्को सञ्चार आदानप्रदान गर्ने भाषा नै अंग्रेजी भाषा भएकोले अंग्रेजी विषयलाई कक्षा ९ को अनिवार्य विषयको रुपमा समावेश गरिएको हो । माध्यमिक तहमा अंग्रेजी विषय अध्यापन गर्दा मूख्य चार वटा क्षेत्रहरु विकास गर्ने उद्देश्यले शिक्षण गरिन्छ । ती क्षेत्रहरु हुन पढाइ,लेखाइ, सुनाइ र बोलाइ । नेपालमा ब्रिटिस अंग्रेजी भाषाको माध्यमबाट शिक्षण सिकाइ क्रियाकलाप गरिन्छ , ( शर्मा र फ्याक, २००९) ।

नेपाली

हाम्रो देशमा विभिन्न जातजाति, भाषाभाषिको मानिसहरु बस्दछन् । यी विविध भाषा, संस्कृति, जाति बीचमा मेलमिलाप सदभाव कायम रहोस र सबैले एक देशको सबल नागरिक हुनुको गौरव अनुभव होस भन्ने मनसायले वि.सं. १९५८ सालमा राणा शासनको बेलामा भोजपुरको दिङ्लामा भाषा पाठशाला को स्थापना गरिएको थियो । यस विद्यालयमा नेपाली भाषालाई ज्ञान सिकाउने माध्यमको रुपमा गरिएको थियो । यसरी नेपालमा नेपाली विषयको योजनावद्ध विकास वि.सं.२०११ सालको “नेपाल राष्ट्रिय शिक्षा योजना आयोग”को गठन पश्चात भएको हो । वि.सं.१९९० मा स्थापित एस.एल.सी. बोर्डमा समेत अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गरिएको थियो ।

नेपाल विषयको प्रमुख उद्देश्य भनेको साहित्यका विभिन्न विधाका रचनाहरुका माध्यमबाट भाषिक सीप र सृजनात्मक क्षमताको विकास गर्नु हो । तसर्थ यस विषयलाई अनिवार्य विषयको रुपमा समेटिएको हो । नेपाली विषयको पाठ्यक्रममा विषयवस्तुका रुपमा साहित्यका निबन्ध, कथा, जीवनी, चिट्ठी,, रुपक, दैनिकी, कविता गरी सात विद्या र भाषातत्व तथा शब्द भण्डार राखिएको छ । भाषा तत्व अन्तर्गत पद संगति, काल र पक्ष, भाव, वाक्य धातु, कारक र विभक्ति शब्द वर्ग, वाक्य संश्लेषण र विश्लेषण चिन्हहरु शब्द निर्माण प्रक्रिया, हिज्जे राखिएको छ भने शब्द भण्डारमा विभिन्न प्रकारका शब्द तथा उखान टुक्काहरु राखिएको छ (अधिकारी २०६५) ।

नेपालमा प्राथमिक तहदेखि माध्यमिक, उच्च माध्यमिक, महाविद्यालय लगायत विश्वविद्यालयसम्म नेपाली भाषाको माध्यममा पठनपाठन कार्य भईरहेको छ । नेपालको विद्यालय स्तरीयदेखि कार्यालयको कामकाजको रुपमा समेत नेपाली भाषालाई मूख्य भाषाको रुपमा प्रयोग गरेको पाइन्छ । एउटा देशमा बसोबास गरी रहेका सम्पूर्ण नागरिकहरुको बीचमा सम्पर्क र कामकाज भाषाको माध्यमबाट देशभरीका नागरिकहरुको बीचमा तहमा नेपाली विषयलाई अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गरिएको छ । यसको प्रमुख उद्देश्य एउटा देशभित्र छरिएर रहेको सम्पूर्ण नागरिकहरु नेपाली हुन् र नेपाली भाषाको माध्यमबाट एक सच्चा देशप्रेम, देशभक्त नागरिक उत्पादन गर्नु रहेको छ ।

गणित

मानवको सृष्टि पश्चात विभिन्न किसिमको वस्तुहरुको बारेमा संख्या थाहा पाउने प्रक्रियाको थालनी भएको हो । जसमा व्यक्तिले आफुसँग भएको चिज अरुलाई दिँदा कतिवटा दिए वा आफुसँग कति बाँकी छ त्यही बेलादेखि गणितको खेल सुरु भएको भन्ने इतिहास छ । गणित मानिसको दैनिक जीवन सञ्चालन कार्यमा नभई नहुने विषय हो । प्राचीन अवस्थामा मानिसहरुले लट्ठी, चिन्ह, धर्सा, ढुंगा गणितको रुपमा प्रयोग गरी दैनिक हिसाब गर्ने गरिन्थ्यो । हाल गणित विषयको रुपमा प्रयोग गरी दैनिक हिसाब गर्ने गर्दछ । नेपालमा योजनावद्ध विकासको थालनी वि.सं.२०१३ सालमा भए पनि त्यो भन्दा अघि नै वि.सं. १९९० सालमा एस.एल.सी. बोर्डमा गणित विषयलाई अनिवार्य विषयको रुपमा समावेश गरेको पाइन्छ । यस विषयमा विभिन्न जोड, घटाउ, गुणन, भाग, लघुतम, महत्तम, भिन्न, जोड, भिन्न घटाउ, समूह, प्रतिशत, व्याज, ऐकिक नियम आदि जस्ता पाठ्यांशहरु यस भित्र समेटिएको छ । यस विषयमा खास गरी चारवटा विषयहरु जस्तै अंकगणित, बीजगणित, ज्यामिति, तथ्यांकशास्त्र आदि समेटिएर तयार गरिएको हो ।

माध्यमिक तहमा गणित विषयलाई निम्न लिखित लक्ष्यहरु सहित अनिवार्य विषयको रुपमा समावेश गरिएको हो ।

- सम्भाव्यता र तथ्यांकशास्त्र लगायत संख्यात्मक गणितलाई पूर्ण रुपमा शिक्षण गर्नु ।
- गणितका मूख्य धारणा र आधारभूत संरचनालाई एकीकृत रुपमा शिक्षण गर्नु ।
- अर्थपूर्ण रुपमा गणित विषयको विकास गर्नु साथै हिसाब गर्ने सीपमा निपूर्ण बनाउनु ।
- गणितलाई सदैव विस्तार भैरहने खुल्ला विषयको रुपमा देखाउनु ।
- गणितीय क्रियाकलापका विधि तथा तरिकाहरुको स्पष्ट चित्र प्रस्तुत गर्न ।
- गणित प्रति सकारात्मक भावनाको विकास गराउने र गणितप्रति उत्प्रेरित हुन ध्यान दिनु ।
- समाजका औसत व्यक्तिहरुका लागि आधारभूत गणितीय ज्ञान तथा सीपलाई परिभाषित गर्नु ।

(महर्जन र अन्य, २०५८)

खासगरी देश विदेशमा समेत अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गरेको कुराबाट अवगत गराउँदै समय समयमा नेपालमा गठित उच्चस्तरीय समितिहरु नेपालको सन्दर्भमा “नेपाल राष्ट्रिय शिक्षा आयोग (ल्भ्ए) २०११”को प्रतिवेदन पश्चात गणित विषय अनिवार्य विषयको रुपमा पठनपाठन सुरु भएको पाइन्छ । नेपालको पहिलो शैक्षिक योजना “नेपाल राष्ट्रिय शिक्षा योजना आयोग” हो । जसले शिक्षा क्षेत्रको आधार स्तम्भको रुपमा रहेर महत्वपूर्ण मार्ग निर्देशन प्रदान गरेको छ । यस आयोगले शिक्षा प्रणालीलाई सुधार गर्ने विभिन्न पक्षहरुमध्ये प्रमुख पक्षको रुपमा गणित विषयलाई अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गर्नुलाई सुझाव दिएको थियो । त्यसैगरी “राष्ट्रिय शिक्षा पद्धतिको योजना (ल्भ्क्ए) २०२८” ले प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापमा विभिन्न किसिमका विधि र सामग्रीको महत्वपूर्ण भूमिका हुन्छ भन्ने कुरा सिफारिस गरिएको थियो । माध्यमिक तहमा अध्यापन गराउन स्नातक तह पास गरेको हुनुपर्ने देखिन्छ । यसको इन्जिनियरिङ्ग, मेडिकल, अफिस, व्यापार, सर्वेक्षण, पुल निर्माण, भवन निर्माण आदिमा यसको प्रयोग गरिन्छ । गणित विषयको शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्दा माध्यमिक तहमा विभिन्न विषयवस्तुको संयोगात्मक योग हो । त्यसैले मूल विषय गणित लिई स्नातक पास गरेको हुनु पर्दछ । अन्यथा पठनपाठन कार्य गर्ने शिक्षकमा समस्या आउन सक्दछ ।

**विज्ञान**

आजको युग विज्ञान तथा प्रविधिको युग हो । यस युगमा मानव निर्मित विभिन्न किसिमका समानहरु मानव हित र विनाश दुवैको रुपमा भइरहेको कुरा बेलाबेलामा सुन्न पाइन्छ  र भैरहेको छ । मानवको सृष्टिकाल अर्थात ढुंगे युगदेखि लिएर आजको संसारमा विकासको होडबाजी चलिरहेको छ । संसारको विकसित मुलुकहरुमा विज्ञानको तीव्र विकासले विभिन्न किसिमका आधुनिक हात हतियार, बम, ग्रिनेट लगायत अन्तरीक्ष यान,विभिन्न उपकरणहरुको आविष्कार आदिले विज्ञानमा ठुलो तरङ्ग उत्पन्न गराएको छ । यसरी सबै कुराहरुको निर्माण र विकासमा अनिवार्य विषय विज्ञानको अध्ययन अति आवश्यक हुन्छन् । त्यसैले नेपालमा गठित विभिन्न आयोजनाहरुले अनिवार्य विषयको रुपमा विज्ञान विषयको पठनपाठनमा जोड दिएको थिए ।

नेपाल जस्तो अल्पविकसित मुलुकको विकासमा विज्ञान विषयले महत्वपूर्ण भूमिका खेल्दछ । आज हाम्रो देशमा जे जति दक्ष मानवको उत्पादन भएको छ ती सबैमा विज्ञान विषयको ज्ञान अन्तरनिहित छन् । अन्तरनिहित प्रतिभालाई प्रष्फुटित पार्न विज्ञान विषयले महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

मानिसको दैनिक व्यवहारका कार्यहरुमा धेरैजसो विज्ञानका सिद्धान्त तथा प्रविधिको प्रयोग भएको पाइन्छ । उधोग, कलकारखानादेखि लिएर विभिन्न प्रकारका विकास निर्माणका कार्यहरुमा विज्ञान र प्रविधिको उच्चतम प्रयोग भएको हुन्छ । मानवीय अथक प्रयासले भौतिक विकास उच्चतम विन्दुमा पुगिरहेको परिपेक्ष्यमा माध्यमिक तहका विद्यार्थीहरुलाई आजको विज्ञान र प्रविधिको युगमा समय सापेक्ष ढंगबाट समायोजन गर्नको निमित्त आफ्नो दैनिक जीवनमा आइपर्ने समस्याहरुलाई सहज ढंगबाट विज्ञानका सिद्धान्त नियमहरुको प्रयोग गरी समाधान गर्न सक्ने बनाउनको लागि विज्ञान विषयलाई अनिवार्य विषयको रुपमा समावेश गरिएको हो ,(अधिकारी २०६५) ।

वि.सं. २०५५ सालमा गठन भएको “उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग” को सिफारिसमा २०५६ सालबाट विज्ञान विषयको पठनपाठन अनिवार्य विषयको रुपमा विद्यालय तहमा हुँदै आएको छ  हाल सम्म बदलिँदो समय सापेक्ष केही फेरबदल गरी पाठ्यक्रममा सुधार गरी आधुनिक संसारमा समायोजन हुन सक्ने गरी विज्ञान विषयको पठनपाठन माध्यमिक तहमा सैद्धान्तिक र प्रयोगात्मक गरी २ किसिमबाट ज्ञान दिँदै आइरहेको छ । यसको पूर्णाङ्क १०० र पाठ्यभार ५ रहेको छ ।

**स्वास्थ्य, जनसंख्या तथा वातावरण**

नेपाल जस्तो देशमा उर्लदो जनसंख्याले तीव्र विकासमा अवरोध पुऱ्याइरहेको छ । करिब देशको आधा भन्दा बढी जनसंख्या तराई क्षेत्रमा बसोबास गरिरहेका छन् । देशमा बढ्दो जनसंख्याले विभिन्न क्षेत्रमा प्रतिकुल प्रभाव पारिरहेको छ । एक ठाउँबाट अर्को ठाउँमा रोजगारीको खोजिमा घुमफिर गरिरहेको छ । जनसंख्याको बढ्दो चापले गर्दा मुख जोर्ने समस्या दिन प्रतिदिन बढिरहेको छ । त्यसबाट नागरिकको स्वास्थ्यमा प्रतिकूल प्रभाव पारिरहेको छ । शिक्षण सिकाइ क्रियाकलापको रुपमा जनमानसमा ज्ञान दिई त्यसबाट पर्न सक्ने नराम्रो असरको बारेमा ज्ञान दिँदै आइरहेको छ । जबसम्म बालक स्वास्थ्य रहँदैन तबसम्म उसको सोचाइ स्वस्थ्यकर हुन सक्दैन । बढ्दो जनसंख्याले गाउँ शहर लगायत देशको विभिन्न भागमा दुषित वातावरण सिर्जना गरिहरको हुन्छ । जनसंख्याको तीव्र वृद्धिलाई रोक्न स्वस्थ्यकर जीवनयापन गर्न साथै सन्तुलित वातावरणमा जीवन बिताउन पाउनु मानवको नैसर्गिक अधिकार हो । यसको बारेमा ज्ञान दिनु आवश्यकता महसुस गरी माध्यमिक तहमा अनिवार्य विषयको रुपमा पठनपाठन कार्य हुँदै आइरहेको छ ।

आफ्नो स्थान, जिल्ला, राष्ट्र र विश्वकै सन्दर्भमा अध्ययन गर्नका लागि आधारभूत ज्ञान, सीप र धारणाको विकास गराइ विद्यार्थीहरुलाई उनीहरुको दैनिक व्यवहारमा परिवर्तन ल्याई जीवनयापन प्रक्रियामा सहयोग पुग्ने अपेक्षा गरी स्वास्थ्य, जनसंख्या तथा वातावरण जस्ता विधालाई एकीकृत गरी अनिवार्य विषयको रुपमा स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षालाई समावेश गरिएको हो , (उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग, २०५५) ।

वि.सं. २०४६ सालमा भएको राजनीतिक परिवर्तन पश्चात वि.सं.२०४९ मा गठन भएको राष्ट्रिय शिक्षा आयोगले पनि स्वास्थ्य विषयको अध्ययनमा निरन्तरता दिएको थियो भने यस विषयमा विद्यार्थीहरुलाई ज्ञानात्मक पक्षका साथै व्यवहारिक र सीपमूलक पक्षमा जोड दिइएको छ । "राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३" का अनुसार विद्यालय तहलाई दुई तहमा विभाजन गरेको छ । जसमा आधारभूत तह र माध्यमिक तह हो । यी दुवै तहमा स्वास्थ्य, जनसंख्या तथा वातावरण विषयलाई अनिवार्य विषयको रुपमा समावेश गरिएको छ । यसरी माध्यमिक तहमा सैद्धान्तिक र प्रयोगात्मक गरी दुई किसिमबाट ज्ञान दिइन्छ । यसको पूर्णाङ्क १०० रहेको छ भने पाठ्भार ४ तोकेको छ ।

१.२. समस्याको पहिचान/कथन

यस तहमा विभिन्न छ वटा अनिवार्य विषयहरु अंग्रेजी, नेपाली, विज्ञान, गणित, सामाजिक, स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा समावेश गरिएको छ । यी छ वटा

विषयहरु शिक्षण गर्दा विषयवस्तुको प्रकृति अनुरुपका छुट्टा छुट्टै शिक्षण विधि तथा सामग्रीहरुको प्रयोग गरी शिक्षण गर्नु पर्दछ । अन्यथा शिक्षण सिकाई प्रभावकारी हुन सक्दैन । यस अध्ययन कार्यलाई माध्यमिक तहका अनिवार्य विषयहरुको शिक्षण सिकाई क्रियाकलापलाई केन्द्रित गरी अध्ययनको विषयवस्तुको रुपमा लिइएको छ ।

- माध्यमिक तहको अनिवार्य विषयहरुको अध्यापन कसरी गराउने गरिएको छ ?
- विद्यार्थी र शिक्षक अन्तरक्रिया कस्तो छ ?
- विद्यार्थीको प्रगतिको अवस्था कस्तो छ ?
- मूल्यांकन कसरी गरिएको छ ?
- पाठ्यभार समयमा पूरा भएको छ, छैन ?
- विषयवस्तुहरुको शिक्षणमा के कस्ता समस्याहरु छन् ?
- विद्यार्थीको सिकाई उपलव्धीमा कसरी सुधार ल्याउन सकिन्छ ?
- शिक्षणमा देखिएका समस्याहरुको समाधान कसरी गर्न सकिन्छ ?
- पाठ्यभार पूरा भएको छ कि छैन ?

यी माथि उल्लेखित समस्याहरु विद्यमान रहेको अवस्थामा अनुसन्धानकर्तालाई जिज्ञासा उठेको परिपेक्षमा यो अध्ययन गरिएको थियो ।

१.३ अनुसन्धनात्मक प्रश्नहरु

माध्यमिक तहको अनिवार्य विषयहरुमा शिक्षण सिकाई क्रियाकला शीर्षकमा अनुसन्धनात्मक प्रश्नहरुमा केन्द्रित रही अध्ययन गरिएको थियो ।

१) शिक्षणका लागि शिक्षकहरुको शैक्षिक पृष्ठभूमी कस्तो छ ?

२) शिक्षणमा विषय शिक्षकहरुको तयारी कस्तो छ ?

३) शिक्षणमा कुन कुन विधिको प्रयोग गरिएको छ ?

४) शिक्षणमा शैक्षिक सामग्रीको संकलन, निर्माण र प्रयोगको अवस्था कस्तो छ ?

५) शिक्षणमा शिक्षक विद्यार्थी सहभागिता कस्तो छ ?

६) शिक्षणमा शिक्षकहरुका समस्या के कस्ता छन् ?

७) पठनपाठनमा विद्यार्थीका समस्याहरु केके छन् ?

८) विद्यालयको माध्यमिक तहमा कस्तो योग्यता क्षमता, तालिम लिएका शिक्षकहरु कार्यरत छन् ?

९) शिक्षकहरु विशिष्टीकरण गरिएको विषय नै शिक्षण गरिरहेका छन् ?

१०) शिक्षकहरुको विद्यार्थीप्रति कस्तो व्यवहार रहेको पाइन्छ ?

११) शिक्षकहरुले कक्षा कोठा व्यवस्थापन कसरी गर्दछन् ?

१२) शिक्षकहरुले कतिको प्रभावकारी ढंगबाट शिक्षण गरीरहेका छन् ?

१३) शिक्षकहरुले मूल्यांकन प्रक्रिया कसरी अगाडी बढाइरहेका छन् ?

यसरी माथि उल्लेखित अनुसन्धनात्मक प्रश्नहरुलाई तीन वटा उद्देश्यहरुमा समेटी यो अध्ययन गरिएको थियो ।

## १.४ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययन कार्यका निश्चित उद्देश्यहरु हुन्छन् । उद्देश्य बिनाको अनुसन्धान कार्यले निश्चित निष्कर्ष निकाल्न सक्दैन । यस अध्ययनका उद्देश्यहरु निम्नानुसार थिए :

१) अनिवार्य विषयका शिक्षकहरुको पृष्ठभूमी पहिचान गर्नु

२) अनिवार्य विषयका शिक्षण विधि र शिक्षण सिकाई क्रियाकलापको अवस्था पहिचान गर्नु

३) अनिवार्य विषयका शिक्षण सिकाई क्रियाकलाप प्रति शिक्षक तथा विद्यार्थीको धारणा पहिचान गर्नु

## १.५ अध्ययनको औचित्य

माध्यमिक तह एक निम्नस्तरको जनशक्ति उत्पादन गर्ने तह हो । यस तहका अनिवार्य विषयहरु शिक्षण गर्ने शिक्षकहरुमा आवश्यक मात्रामा तालिमको कमी योग्यता र शैक्षिक सामग्रीको अभाव भएको अवस्थामा यस अध्ययनको औचित्य निम्न अनुसार रहेका थिए ।

- यस अध्ययनले माध्यमिक तहको अनिवार्य विषयहरु शिक्षण गर्ने शिक्षकहरुलाई उचित शिक्षण कार्य गर्नमा सहयोग पुऱ्याएको छ भन्ने अपेक्षा गरिएको छ ।
- यस अध्ययनले माध्यमिक तहको अनिवार्य विषयहरु शिक्षण गर्ने शिक्षकहरुलाई उचित विधि र सामग्री प्रयोग गरी शिक्षण गर्न सुझाव प्रस्तुत गरिएको छ ।
- यस अध्ययनले विषयवस्तुको प्रकृति अनुसार फरक फरक क्रियाकलापको छनौट गर्नु पर्दछ भन्ने धारणाको विकास गर्न मद्दत पुऱ्याएको छ ।
- यस अध्ययनले अनिवार्य विषयहरुको शिक्षणको अवस्था, शैक्षिक सामग्रीको प्रयोगको अवस्था, शिक्षण विधि, शिक्षकको सिकाइ प्रक्रियाको बारेमा जानकारी दिइएको छ ।
- यस अध्ययनले शिक्षकहरुको व्यवहार शिक्षणप्रतिको दृष्टिकोणहरुको बारेमा जानकारी दिइएको छ ।

- यस अध्ययनले अनिवार्य विषयहरुको शिक्षणमा स्थानीय उपलब्धीको राष्ट्रिय उपलब्धीसँग तुलना गर्न सहयोग पुऱ्याएको छ ।
- यस अध्ययनले विद्यालय शिक्षा सँग सम्बद्ध विभिन्न विषय, विशेषज्ञ, शिक्षक, विद्यार्थी, अभिभावक, व्यवस्थापन समितिको सदस्य, शैक्षिक नीति निर्माता, प्रशासक आदिलाई शैक्षिक विकासमा सहयोग पुऱ्याएको छ ।

यसरी माथि उल्लेखित विभिन्न बुँदाहरुबाट यस अध्ययनको औचित्यलाई पुष्टि गरिएको थियो ।

१.६ अध्ययनको सीमाङ्कन

कुनै पनि विषयको उद्देश्य प्राप्तिका लागि त्यस विषयको व्यापक अध्ययन स्रोत र साधनको परिचालनका साथै प्रशस्त समयको आवश्यकता पर्दछ । अध्ययन क्षेत्रको सीमाङ्कनले अध्ययन प्रक्रियालाई मार्गनिर्देशन गर्दछ । पाठ्यक्रमको एउटा महत्वपूर्ण भाग शिक्षण सिकाई क्रियाकलाप पनि हो । जसमा शिक्षकको व्यवहार, धारणा, शिक्षण क्रियाकलापको रुपमा देखा पर्दछन् ।

माध्यमिक तहको अनिवार्य विषयहरुमा शिक्षण सिकाई क्रियाकलाप शीर्षकमा अध्ययन गर्नका लागि तयार गरिएका उद्देश्यहरु पूर्ति गर्नका लागि अध्ययन क्षेत्रको छनौट गर्नका लागि अनुसन्धानकर्तासँग उपलब्ध स्रोत साधन र समयको विचार गरी अध्ययनलाई निम्न क्षेत्र भित्र सीमित गरिएको थियो ।

- अध्ययन कार्यलाई नुवाकोट जिल्ला गेर्खु गाविसका २ वटा विद्यालयमा सीमित गरिएको थियो ।
- यस अधययनलाई माध्यमिक तहको अनिवार्य विषयहरुको शिक्षण सिकाई क्रियाकलापमा सीमित गरिएको थियो ।
- यस अध्ययनलाई शिक्षकहरुको पूर्व तयारी र कक्षामा गरिने शिक्षण क्रियाकलापहरुमा केन्द्रित गरिएको थियो ।

# अध्याय-दुई
# पूर्व साहित्यको अध्ययन

अध्ययन कार्यलाई सहज र सरल बनाउने हेतुले विभिन्न किसिमका लेखहरु अध्ययन गरी विषयसँग सम्बन्धित पुस्तक, पत्रपत्रिका, प्रतिवेदन तथा विभिन्न प्रकाशनहरु संकलन गरी व्यवस्थित र उपयुक्त ढंगबाट तयार पारी अध्ययन कार्यलाई सहज बनाउने प्रयास गरिएको छ । पूर्व साहित्य भन्नाले अनुसन्धान गर्न लागिएको विषयमा त्यसभन्दा पहिला भएका अध्ययनकार्यलाई बुझिन्छ । अनुसन्धान गर्न लागिएको विषयमा पहिला भएका कार्यहरु के कति उपयोगी र केकति अनुपयोगी छन् भनेर तिनको विवेचना गर्नुलाई पूर्व साहित्यको समिक्षा भनिन्छ । अध्ययनलाई प्रभावकारी ढंगबाट अगाडी बढाउनका लागि विविध विषयवस्तुको अध्ययन गरिनु पर्ने र त्यसले मात्र उचित नतिजा दिनुका साथै अध्ययनकर्तालाई अध्ययनको विषय सम्बन्धी समस्याहरुलाई बढी सार्थक, यथार्थ र खोज योग्य बनाउन आवश्यक जानकारी प्रदान गर्दछ भन्ने विश्वासका साथ यस अध्ययनका सहयोगीका रुपमा सामग्रीहरुको चर्चा गरिएको थियो ।

## २.१ सैद्धान्तिक साहित्य अध्ययन

सैद्धान्तिक साहित्य समीक्षा अन्तरगत विभिन्न विद्धानहरुले सिकाइका बारेमा दिएका अभिव्यक्ति अनिवार्य विषयका सैद्धान्तिक पक्षहरुको अध्ययन गरिएको थियो । आदर्शवादीहरुले जुनसुकै विषयहरुको शिक्षण क्रियाकलापहरुलाई शिक्षकको हातमा सुम्पेका छन् ।

सुकरात, प्लेटो, एरिस्टोटल, हेगल जस्ता दार्शनिकहरुले क्रमशः प्रश्नोत्तर, छलफल, वादविवाद र तार्किक जस्ता विधिलाई सिफारिस गरेका छन् ।

प्रसिद्ध प्रगतिवादी दार्शनिक तथा शिक्षाविद् जोन डिवेका अनुसार सिकाई एक अनुभवजन्य प्रक्रिया हो । बालकका जीवनमा घटेका विभिन्न घटनाहरु सम्बन्धहरु, अनुभवहरु र विचारहरुको संगालोलाई सिकाई भनिन्छ । सिकाई आफैंमा एक प्राकृतिक अनुभव हो ।

त्यसै गरी अस्तित्ववादका अनुसार सिकाई भनेको त्रिमुखी प्रक्रिया हो । जसमा शिक्षक, विद्यार्थी र पाठ्यक्रमको अन्तरसम्बन्ध हुन्छ । यस दर्शनले शिक्षणलाई शिक्षण प्रक्रियाको आधारभुत तत्व मानिएको छ । शिक्षक वातावरणको निर्माता हो, जसले विद्यार्थीको अन्तरनिहित प्रतिभाको विकास गराउन सक्षम हुनु पर्दछ । वस्तुगत विश्वमा शिक्षकको निर्देशनबाट आदर र सम्मानपूर्वक विद्यार्थीले आफ्नो अस्तित्वको खोजी गर्न सक्नु पर्दछ (शर्मा, २०६६) ।

माध्यमिक तहमा अध्ययन गर्ने अनिवार्य विषयको शिक्षकको महत्वपूर्ण भूमिका हुन्छ । अनिवार्य विषयका शिक्षकले विद्यार्थीलाई समाजमा संलग्न गराएर समाजका विभिन्न व्यक्ति जस्तै राजनीतिमा दर्शनशास्त्र, भौतिकशास्त्र, शिक्षाविद्, पत्रकार आदिसँग आफ्नो विषयवस्तुको छलफल चलाएर महत्वपूर्ण जानकारी प्राप्त गर्न सक्छन् ।

त्यसैगरी सामाजिक अध्ययनका सम्बन्धमा विभिन्न विद्धानले आ-आफ्नो धारणा राखेको पाइन्छ । John V.Michaelis का अनुसार "सामाजिक अध्ययनले मानव र उसको सामाजिक तथा भौतिक अवस्थाको अध्ययन गर्दछ। जसमा मानव सम्बन्धसँग सम्पर्क राख्दछ। "

त्यसैगरी J.M. Forrester का अनुसार "Social studies as the very name suggest, is the study of society and its chief aim is to help pupils to understand the world in which they have to live."

त्यसैगरी अग्रवाल भन्छन् -सामाजिक अध्ययन समाजका विभिन्न विषयवस्तुसँग सम्बन्धित छ । र यसको शिक्षणमा विभिन्न शिक्षण विधि-व्याख्यान, प्रयोगशाला, प्रश्नावली, समस्या समाधान, सामाजिक अन्तरक्रिया, कथावाचन जस्ता विभिन्न विधिबाट गर्न सकिन्छ।

प्रसिद्ध मनोवैज्ञानिक जोन पियाजेका अनुसार सिकाइ सिद्धान्त बालकले गणितीय धारणाहरु Number and space कसरी विकसित गर्दछन् भने अध्ययनमा आधारित छ। सानो अवस्थामा बालकलाई उसले देखेका वस्तुले प्रभावित पार्छ र जब ऊ ठूलो हुँदै जान्छ उसले तार्किक तथा अमूर्त तरिकाले संसारीक वस्तुलाई प्रयोग गर्ने सामर्थ्य प्राप्त गर्दछ । उनका अनुसार यदि बालकलाई भौतिक र सामाजिक वातावरणसँगै क्रिया प्रतिक्रिया गर्ने अवसर दिइन्छ भने उमेरसँग सँगै उसको ज्ञानको र दक्षताको पनि वृद्धि हुँदै जान्छ। त्यसैले शिक्षकहरुले बालकको निश्चित उमेरमा गर्न सक्ने क्षमताको पहिचान गर्न सक्नु पर्दछ। बालकलाई गणित कसरी सिकाउने भन्दा पनि यिनीहरु कसरी गणित सिक्छन् , कुन अवस्थामा के पढाउने भन्ने कुरामा पियाजेको सिद्धान्त केन्द्रित छ।

माध्यमिक तहमा अध्यापन गराउने अंग्रेजी विषयको सम्बन्धमा विभिन्न विद्धानहरुले आ-आफ्नो धारणा राखेको पाइन्छ।

Panta(2004) – A study on the effectiveness of discovery technique in teaching subject, verb, agreement in grade nine. मा भन्नुहुन्छ-विद्यार्थीलाई प्रत्यक्ष नियम बताएर शिक्षण गर्नुको सट्टा आगमन विधिको प्रयोग गरी उनीहरुलाई आफैं नियम पत्ता लगाउन प्रोत्साहन गर्नु पर्दछ।

यसैगरी भट्टराई (२०००) द्वारा प्रस्तुत प्रतिवेदन - "Grammer should be learnt intuitively to acquire the communicative competence which is possible only through the great deal of exposure to target language."(NELTA Vol.5, No.-2, P.14-15) मा भन्न खोज्नु हुन्छ कि विद्यार्थीहरुलाई व्याकरण शिक्षण गर्दा व्याकरण प्रति छुट्टै रुपमा सिकाउनु भन्दा उनीहरुलाई व्याकरणीय नियम आफै थाहा नपाई सिकाउनु राम्रो हुन्छ । व्याकरणलाई भाषामा समाहित गरी शिक्षण गर्नु पर्छ । व्याकरण छुट्टै नपढाई वास्तविक भाषामा मिलाई शिक्षण गरिनु पर्छ । त्यसैले माध्यमिक तहमा अनिवार्य विषयको रुपमा शिक्षण क्रियाकलाप सञ्चालन गर्न प्रोत्साहन गर्दछ ।

प्रसिद्ध प्रयोजनवादी दार्शनिक जोन डिवेले प्रयोजनवादी शैक्षिक प्रक्रिया आफ्नो प्रकारको हुने बताएका छन् । उनका अनुसार शैक्षिक प्रक्रिया भित्र बालक अपरिपक्क, अविकसित प्राणी हो र उसलाई परिपक्क र अनुभवी युवकहरुले समाजमा सामाजिक मूल्य र मान्यताका आधारमा अघि बढाइरहेका हुन्छन् । यसैले यी दुवै तत्वहरुको बीचको अन्तरक्रिया नै शैक्षणिक प्रक्रिया हो । उनको सिद्धान्तको केन्द्रविन्दु रहेको विधि प्रोजेक्ट मेथड हो । यस विधिमा विद्यार्थीको उद्देश्य, चाख र उपयोगिताको आधारमा शिक्षण सिकाइ क्रियाकलाप गरेर सिक्ने विधिमा केन्द्रित रहनु पर्दछ (शर्मा र शर्मा, २०६५) ।

आर्दशवादीहरुले जुनसुकै विषयवस्तुको शिक्षण सिकाइ क्रियाकलाप वा शैक्षिक प्रक्रियालाई शिक्षकको विवेकमा सुम्पेका छन् । आदर्शवादी दार्शनिक सुकरातले प्रश्नोत्तर, छलफल विधिमा जोड दिएका छन् भने उनको शिष्य प्लेटोले वादविवादलाई शैक्षिक प्रक्रियाको रुपमा सिफारिस गरेका छन् । हेगेले तार्किक विधिलाई उपयुक्त विधि सिफारिस गरेका छन् ( सिंह, २०६५) ।

आदर्शवादी दर्शन अनुसार शिक्षाको मूख्य उद्देश्य आत्मानुभूति प्राप्त गरी बालकलाई समाजको एक आदर्श नागरिक निर्माण गर्नु हो । राज्यको लागि सद्गुणी नागरिक विकास गर्ने प्रमुख माध्यम शिक्षा हो । शिक्षाबाट मानवीय व्यक्तित्वको सर्वाङ्गीण विकास हुन्छ । आदर्शवादी शिक्षा त्यस्तो शिक्षा हो जसले हरेक नागरिकलाई नैतिकवान् , आदर्शवान् र चरित्रवान् बनाउँछ । व्यक्तिलाई जीवन, जगत, सत्य, चरित्र, नैतिकता, कर्तव्य, धर्म, विश्वास प्रति सचेत बनाउनु शिक्षाको उद्देश्य हो । शिक्षा हरेक व्यक्तिका लागि अपरिहार्य छ किनभने शिक्षाबाट नै व्यक्तिको चेतना र आत्माको सही किसिमको विकास हुन जान्छ (महतरा, २०६६) ।

आदर्शवादीहरुको तर्कअनुसार माध्यमिक तहका अनिवार्य विषयहरुको शिक्षण गर्ने शिक्षक आफुले शिक्षण गर्ने विषयको बारेमा विविध ज्ञान हासिल गरेको हुनु पर्छ । यस दर्शनले पनि विद्यार्थीहरुलाई प्रमुख पात्रको रुपमा लिई विभिन्न विधिबाट शिक्षण गर्ने कुरामा जोड दिएको पाउन सकिन्छ । शिक्षण सिकाइ पछि विद्यार्थीहरुको व्यवहारमा परिवर्तन आउनु पर्छ जसले समाज तथा राष्ट्रलाई आफ्नो क्षेत्रबाट ठोस योगदान गर्न सकोस् । शिक्षण सिकाइ क्रियाकलाप पश्चात विद्यार्थीहरुलाई नैतिकता, चरित्र र आदर्शको ज्ञान भई जीवन, जगत, सत्य , धर्म, कर्तव्य, विश्वासप्रति सचेत हुन सक्ने किसिमले शिक्षण गर्नु पर्छ । शिक्षण सिकाई क्रियाकलापले विद्यार्थीको सर्वाङ्गीण विकास गरी दैनिक जीवनका कार्यहरु आदर्शवादीहरुको मर्म अनुरुपबाट गर्न सक्ने बनाउनु पर्छ ।

वर्तमान पाठ्यक्रमले माध्यमिक तहको तहगत उद्देश्य यस प्रकार उल्लेख गरेको छ । “राष्ट्रिय परम्परा, संस्कृति एवम् सामाजिक वातावरणसँग परिचित, प्रजातन्त्रको मूल्य र मान्यतासँग परिचित, भाषिक व्यवहारमा सक्षम, वैज्ञानिक सुझबुझ भएका, सिर्जनशील, सहयोगी, अध्ययनशील, स्वाभलम्वी एवम् आर्थिक विकासमा टेवा पुऱ्याउन सक्ने स्वस्थ्य र सक्षम नागरिक तयार पार्नु माध्यमिक तहको शिक्षाको उद्देश्य रहेको छ ”(अधिकारी, २०६५) ।

यस प्रकार माध्यमिक तहको शिक्षण सिकाइ क्रियाकलाप राष्ट्रिय परम्परा, संस्कृति, प्रजातान्त्रिक मूल्य मान्यतालाई जगेर्ना गर्नु, स्वास्थ्य जनशक्ति उत्पादन गर्ने उद्देश्य राखी गराउनु पर्दछ । शिक्षण सिकाइले विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउन सक्नु पर्दछ । विद्यार्थीको व्यवहारमा सिर्जनशीलता, सहयोगीपना, अध्ययनशीलता, स्वावलम्बीपना देखा पर्नु पर्दछ । उनीहरु आफ्नो खुट्टामा उभिन सक्ने निम्न स्तरको जनशक्तिको रुपमा देखा परी आर्थिक विकासमा टेवा पुऱ्याउन सक्ने बनाउने तरिकाबाट शिक्षण सिकाइ क्रियाकलाप गर्नुपर्दछ ।

शिक्षण वा शैक्षिक नेतृत्वमा अरुलाई प्रभाव पार्ने न्यूनतम शक्ति हुनु अनिवार्य छ । शिक्षकका कार्यहरु सफल हुन उसमा त्यस्तो स्वरुपको शक्ति हुनुपर्दछ । कुनै पनि रुपमा उचित विश्वास र सम्मान प्राप्त गर्न राजनीतिक मूल्य सँग सँगै जाने विचार शक्तिलाई राजनैतिक विचार शक्ति मानिन्छ । पाठ्यक्रम सम्बन्धि कार्यकर्ताहरुले तिनीहरुको शक्ति र इज्जतलाई उच्चतम रुपमा प्राप्त गर्न राजनीतिक विचार शक्तिलाई ग्रहण गर्नु पर्दछ । जसले शिक्षकका कार्यहरुलाई यथासम्भव प्रभावकारी बनाउन सहयोग गर्दछ । यस अर्थमा शिक्षा वा पाठ्यक्रम सम्बन्धि कार्यकर्ताहरुले राजनीतिक विचार शक्ति वा मूल्यलाई ग्रहण गर्नु पर्दछ । जसले उनीहरुलाई सधै शक्तिमा रहने प्रभावपूर्ण अवस्थामा पुग्ने, मान, सम्मान, सहयोग, र सत्कार

प्राप्त गर्ने सोचमा अघि बढाउँछ । यस्तो सोचले प्रभावपूर्ण, अनुकरणीय र प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापहरु गराउँछ । जुन शैक्षिक दृष्टिकोणले महत्वपूर्ण हुन्छ, (खनाल, २०६४) ।

माध्यमिक तहमा अनिवार्य विषयको शिक्षण गर्ने शिक्षकले पनि विद्यार्थीहरु समक्ष आफ्नो प्रभावपूर्ण छाप बसाउन सक्नु पर्दछ । उनीहरुको रुचि, क्षमता, आवश्यकता र उमेर जस्ता पक्षहरुलाई सम्बोधन गर्दै विभिन्न विषयवस्तुहरुलाई विद्यार्थीहरु माझ प्रस्तुत गर्दा विभिन्न शिक्षण विधि तथा शैक्षिक सामग्रीहरु उनीहरुको रुचि, क्षमता, आवश्यकता र उमेर सँग मेल खाने गरी छनोट गरेर शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्नु पर्दछ । जसले गर्दा विद्यार्थीहरुले शिक्षकले शिक्षण गर्दा सम्पूर्ण विद्यार्थीहरुको विषयवस्तुमा ध्यान केन्द्रित होस र शिक्षण सिकाइ क्रियाकलाप अर्थपूर्ण र प्रभावकारी होस् ।

शैक्षिक प्रक्रियामा तथ्याङ्क संकलन गर्ने, व्याख्या गर्ने, अभिलेखिकरण गर्ने, विश्लेषण गर्ने, सूचनाहरुको प्रयोग गर्ने, पृष्ठपोषण प्राप्त गर्ने र पूर्नयोजना गर्ने कार्य विद्यार्थी मूल्यांकन हो । नेपालको सन्दर्भमा सिकाई प्रक्रियामा विद्यमान मूल्याङ्कन प्रणाली प्रभावकारी नभएको र शिक्षण सिकाई क्रियाकलापको अभिन्न अंशको रुपमा विकसित हुन नसकेको कुरा औंल्याइने गरेको पाइन्छ । धेरै जसो विद्यालयमा निर्माणात्मक मूल्याङ्कन प्रणालीलाई अंगिकार गरेको पाइँदैन । मूल्याङ्कन प्रणालीलाई परीक्षामूखी सिद्धान्तबाट अभ्यास गर्ने गरिन्छ । यसले धेरै प्रकारका विकृतिहरु पनि जन्माएको छ । विद्यार्थीलाई कक्षा चढाउन, गृहकार्य, कक्षा कार्य, अतिरिक्त क्रियाकलाप, सामुहिक क्रियाकलाप जस्ता क्रियाकलाप समावेश गरेको पाइदैन । मूल्याङ्कन प्रणालीलाई विद्यार्थीको वौद्धिक स्तर, रुचि, गति एवम् आवश्यकतासँग आवद्ध गर्न सकिएको छैन , (राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३) ।

यसरी माध्यमिक तहका अनिवार्य विषयहरु शिक्षण गर्ने शिक्षकमा मनोविज्ञान सम्बन्धि पर्याप्त ज्ञान हुनु पर्दछ । जसले शिक्षाको उद्देश्य अनुरुप निर्धारण गरिएका विषयवस्तुहरु शिक्षण गर्नका लागि विद्यार्थीहरुको रुचि, क्षमता, आवश्यकता अनुरुपका शिक्षण विधिहरु तथा सामग्रीहरुको छनोट गरी शिक्षण सिकाइ क्रियाकलाप गर्न सकोस् । शिक्षण सिकाइ क्रियाकलापको सिलसिलामा विद्यार्थीहरुका मानवीय व्यवहारहरुको अध्ययन गरी उपयुक्त तरिकाबाट शिक्षण गर्नु पर्दछ । जसको लागि मनोविज्ञानको आवश्यकता पर्दछ । परम्परागत शिक्षण प्रणालीमा विद्यार्थीहरुको मानवीय व्यवहारहरुको सम्बोधन गरिदैन्थ्यो । तर आधुनिक शिक्षण प्रणालीमा शिक्षण सिकाइको प्रमुख पात्र नै विद्यार्थीहरुलाई मानिने भएकोले. उनीहरुका व्यवहारहरु रुचि, चाख, आवश्यकतालाई सुक्ष्म अध्ययन गरी सबैलाई उपयुक्त हुने किसिमले शिक्षण विधि र शैक्षिक सामग्रीहरुको छनोट गरी शिक्षण सिकाइ क्रियाकलाप गर्नु पर्दछ ।

प्रस्तुत शीर्षक माध्यमिक तहमा अध्ययन गर्ने अनिवार्य विषयको शिक्षण सिकाइ क्रियाकलापको अवस्था अध्ययन गर्ने क्रममा विविध साहित्य पुस्तक प्रतिवेदनहरुको समीक्षा गरिएको थियो । साहित्य समीक्षा गरीने क्रममा विविध व्यक्तिहरुको दर्शनहरुको सिद्धान्तको फरक मत पाइन्छ । कसैले विद्यार्थीलाई उनीहरुको सक्रिय सञ्चालनमा शिक्षण गर्नु पर्दछ भन्दछन् भने कसैले शिक्षकले विविध प्रकारका विधि तथा सामग्री प्रयोग गरी शिक्षण गर्नु पर्दछ भन्ने मत व्यक्त गर्दछन् । समग्रमा भन्ने हो भने माध्यमिक तहमा शिक्षण गर्ने शिक्षकले शिक्षण गर्ने विषयमा विशिष्टीकरण गरेको हुनुपर्दछ । उसले आफ्नो विषय शिक्षण गर्दा विविध प्रकारका विधिहरु त्था विषयवस्तु सुहाउँदो शैक्षिक सामग्रीहरुको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप गराउनु पर्दछ ।

## २.२ सम्बन्धित अध्ययनहरुको पुनरावलोकन

ढकाल (२०५७) ले सार्वजनिक विद्यालयहरुमा कक्षा ८ को सामाजिक शिक्षा विषयमा शिक्षण विधि विद्यार्थीहरुको उपलव्धी बीचको सम्बन्धका बारेमा अध्ययन गर्नु भएको थियो । यस विषयमा प्रयोग हुने शिक्षण विधि उपलव्धीस्तरको बारेमा अध्ययन गर्नु भएको थियो ।

कक्षा ८ को सामाजिक शिक्षा विषय २ वर्ष अघिदेखि लागू भएतापनि हालसम्म शैक्षिक निर्देशिका प्रकासित नभएकोले सामाजिक विषय शिक्षणमा शिक्षकहरुले उचित विधिको प्रयोग गर्न नसकेको, मानविकी र व्यवस्थापन लिई अध्ययन गरेको शिक्षकहरुद्धारा शिक्षण भएको दैनिक पाठयोजना नबनाई शिक्षण गरेको, वार्षिक कार्ययोजनालाई पाठयोजना भनेको, अधिकांश शिक्षकहरुले शिक्षणका क्रममा अत्यन्तै कम शैक्षिक सामग्री प्रयोग गरेको, तालिम प्राप्त र अप्राप्त शिक्षकको शिक्षणमा उपलव्धी भने समान पाइएको, कक्षा कोठा व्यवस्थापन समान किसिमले भएको, सबै शिक्षकहरुले शिक्षक केन्द्रित विधि नै बढी प्रयोग गरेको देखियो ।

खनाल (२०५३) ले 'नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरुको अध्ययन' शिर्षकमा नेपाली भाषा शिक्षण विधिको वर्तमान अवस्था पत्ता लगाउने उद्देश्यराखी अध्ययन गर्नु भएको थियो । सो अध्ययनमा खनालले व्याख्यान, छलफल, पठनबोध जस्ता विधिहरुको बढीमात्रामा प्रयोग गरिएको निश्कर्ष निकाल्नु भएको थियो । वहाँले सो अध्ययनमा विद्यार्थी केन्द्रीत विधिको प्रयोगमा जोड दिनुपर्ने, पाठ्यक्रमले सिफारिश गरेको विधिको प्रयोग गरी शिक्षण गर्नु पर्ने, शिक्षकलाई शिक्षण विधिको सम्बन्धमा उचित तालिम दिनु पर्ने, सुपरीवेक्षणलाई प्रभावकारी बनाउन सम्बन्धित निकायबाट नीरिक्षणको व्यवस्था गरेमा शिक्षण प्रभावकारी हुने जस्ता निश्कर्षहरु निकाल्नु भएको थियो ।

अत : एउटा कुशल शिक्षकले पाठ्यक्रमले तोकेको र विद्यार्थी केन्द्रीत विधिको प्रयोगमा जोड दिनु पर्दछ । जसका लागि शिक्षकलाई तालिमको व्यवस्था गर्नुको साथ-साथै नीरिक्षण कार्यमा सम्बन्धित निकायले ध्यान दिएमा शिक्षण क्रियाकलाप प्रभावकारी हुन्छ भन्ने निश्कर्ष निकाल्नु भएको थियो ।

पाठ्यक्रम विकास केन्द्र त्रिभुवन विश्वविद्यालयले सन् १९८३ मा लिइएको प्रमाणपत्र तह तथा स्नातक तहको परीक्षामा बढी सङ्ख्यामा विद्यार्थीहरु किन असफल हुन्छन् भन्ने कारण पहिचान गर्न सन् १९८४ मा अध्ययन गरिएको थियो । सो अध्ययनको सहभागी शिक्षकहरुमा केन्द्रित रही गरिएको छलफलमा विद्यार्थीहरुमा अङ्ग्रेजी भाषाको भाषिक क्षमता कम भएको, पाठ्यपुस्तकको क्रम नमिलेको, कक्षाकोठामा विद्यार्थीहरुको चाप ठूलो भएको तर शिक्षकहरुलाई तालिम, गोष्ठी, सेमिनार, सभा, सम्मेलन नराखिएको र परम्परागत मूल्याङ्कन प्रणालीको प्रयोग मूख्य कारक तत्वको रुपमा रहेको निश्कर्ष निकालिएको थियो ।

अतः माथिको अध्ययनबाट सम्बन्धित विषय शिक्षण गर्ने शिक्षकको पेशा अभिवृद्धिका लागि बँदलिदो समयानुसार नै शिक्षकहरुलाई पनि विभिन्न तालिम, सभा, सेमिनार, गोष्ठी आदिहरुमा सहभागी गराउँदै मूल्याङ्कनको नयाँ तरिका अपनाएमा शिक्षण प्रभावकारी हुन सक्ने निश्कर्ष निकाल्न सकिन्छ ।

खनाल र अन्य (२०६१) ले 'गुणात्मक मूल्याङ्कन अनुसन्धान' मा उद्धृत गरेअनुसार : शिक्षकमा गणित शिक्षाप्रतिको विश्वास, गणित शिक्षाको प्रकृतिबारेमा रहेको आत्मविश्वासले शिक्षण-सिकाइ र कक्षाकोठा शिक्षणको प्रभावकारीतामा के-कस्तो प्रभाव पार्दछ भन्ने सवालमा केन्द्रीत भएर Kyungsoon Jean ले 'A Teacher's belief about the nature of mathematics and manifestation in teaching practices' भन्ने शिर्षकमा एउटा गुणात्मक अनुसन्धान गरेका छन् । शिक्षकमा गणित प्रतिको विश्वासले कक्षाशिक्षणमा कस्तो स्पष्टता पैदागर्न सक्दछ भन्ने बारे उचित निश्कर्षमा पुग्नु यस अनुसन्धानको मूल उद्देश्य थियो । यस अनुसन्धानले पूर्णरुपमा गुणात्मक विधि अपनाएको छ । शिक्षकका विचार, धारणा, रुची, भावना, विश्वासको प्रतिबिम्व प्राप्त गर्ने गरी अन्तरवार्ता र अवलोकन सञ्चालन गरिएको थियो । जानकारीहरुको विश्लेषणका लागि inductive विधिमा आधारित भएर 'constant' comparative method' उपयोग गरिएको थियो । कुनैव्यक्ति जसले गणित शिक्षाबारे अध्ययन गर्न चासो राख्दछ र जो गणितसँग, गणितीय विषयवस्तुसँग र नयाँ तथ्य एवम् ज्ञानसँग

डराउँदैन उसले गणित सिक्न सक्दछ भन्ने निश्कर्ष निकालिएको थियो । गणितप्रतिको विश्वास भनेको 'self concept' ले स्वीकार गरेको 'Generalist Approach' हो भन्ने सार पनि खिचिएको थियो । Self concept वा विषयप्रति, विषयको प्रकृति, स्वरुप र संरचना प्रतिको विश्वासले कक्षाकोठामा प्रत्यक्ष प्रभाव पार्ने निश्कर्ष प्रतिपादन भएको थियो ।

गिरी (२०६६) ले काठमाडौं जिल्लाका सामुदायिक र संस्थागत विद्यालयको विज्ञान विषयको शिक्षण सिकाइको अवस्था र शिक्षण सिकाइमा फरक आउनुका कारणहरु पत्ता लगाउन सामुदायिक र संस्थागत विद्यालयहरु मध्ये ६/६ वटाका दरले १२ वटा विद्यालयलाई नमूना छनौटको रुपमा लिई अन्तरवार्ता, अवलोकन र प्रश्नावली जस्ता साधनहरुको प्रयोग गरी सूचना सङ्कलन गर्नु भएको थियो । सो अध्ययनमा गिरीले दुवै खाले विद्यालयहरुमा शिक्षक निर्देशिका र पाठ्यक्रमको प्रयोग गरिएको, शिक्षकको साप्ताहिक पाठ्यभार बढी भएको, आवश्यक सन्दर्भ सामग्रीको प्रयोग गर्ने गरेको, वार्षिक पाठयोजना निर्माण र प्रयोगको चलन नभएको, संस्थागत विद्यालयका शिक्षकहरु तालिम प्राप्त नभए पनि शिक्षण प्रभावकारी रहेको र विद्यार्थी र अभिभावकहरु सन्तुष्ट रहेको निश्कर्ष निकाल्नु भएको थियो । भौतिक अवस्थामा थप सुधार गर्नुपर्ने, शैक्षिक सामग्री र पूर्वाधार विकास गर्नुपर्ने, शिक्षक तालिममा जोड दिनुपर्ने, विद्यालय व्यवस्थापन समिति सक्रिय हुनु पर्ने, परीक्षा प्रणालीमा एकरुपता कायम गर्नुपर्ने, पुस्तकालयको व्यवस्था गरी शिक्षकलाई अध्ययनमा प्रेरित गर्नु पर्ने जस्ता सुझावहरु प्रस्तुत गर्नु भएको थियो ।

पौडेल (२०६०) ले "Perspective analysis of the teaching social studies at secondary level" भन्ने शिर्षकमा अध्ययन गर्नु भएको थियो । यस अध्ययनमा पौडेलले the availability of the trained and qualified teachers for the successfull delivery of social studies as an integrated subject भन्ने कुरा पत्ता लगाउनु भएको थियो । वहाँले शिक्षक विद्यार्थी लगायत यस सम्बद्ध अन्य व्यक्तिहरुले शिक्षण सामग्रीको पर्याप्तता, शिक्षक निर्देशिका  र अन्य सन्दर्भ सामग्रीहरु जुन सामाजिक विषयसँग सम्बन्धित् छन्, सोको प्राप्ती र पर्याप्ततामा समस्या रहेको कुरा उल्लेख गर्नु भएको थियो । उहाँले विद्यार्थीहरु सामाजिक अध्ययन विषय पढेर आफ्नो अधिकार, कर्तव्य, संस्कृती, परम्परा, अधिकार आदिमा चेतनशील रहेको प्राप्त गर्नु भएको थियो । अध्ययनको क्रममा सामाजिक अध्ययन विषयको अध्ययन गरेपछि विद्यार्थीहरुले विद्यालयमा बाल क्लव गठन गरेर विभिन्न क्रियाकलाप जस्तै : सरसफाई, प्राथमिक उपचार तालिम, न्यायिक साक्षरता प्रोग्राम आदि सञ्चालन गरेका थिए । पौडेलले यो अध्ययनमा सामाजिक अध्ययन विषय प्रति शिक्षकहरुको अभिव्यक्ति सकारात्मक र राम्रो


भएतापनि विषयवस्तु र पाठ्यपुस्तक प्रति भने नकारात्मक धारणा रहेको निश्कर्ष निकाल्नु भएको थियो ।

जोशी (२०६५) ले 'जनसङ्ख्या तथा वातावरण विषयको पाठ्यक्रमको अपेक्षा र कक्षा शिक्षणको अवस्था अध्ययन' शिर्षकमा अध्ययन गर्नु भएको थियो । उहाँले काभ्रे जिल्ला अन्तर्गत पर्ने धुलिखेल, बनेपा र पनौती नगरपालिका भित्र सञ्चालित १० वटा सामुदायिक विद्यालयहरुबाट कक्षा शिक्षणको खोजी गर्नु भएको थियो । अध्ययनका क्रममा जोशीले शिक्षकहरुले कक्षा शिक्षणको क्रममा पाठ्यपुस्तकलाई नै मुख्य शैक्षिक सामग्रीको रुपमा प्रयोग गर्ने गरेको, व्याख्यानलाई मात्र शिक्षण विधिको रुपमा प्रयोग गरिएको, विषयानुसारका आवश्यक धेरै शैक्षिक सामग्रीहरु विद्यालयमा उपलब्ध भएको निश्कर्ष निकाल्नु भएको थियो । कक्षा शिक्षणको क्रममा मौखिक प्रश्न सोधि पाठको अन्त्यमा भएका प्रश्नलाई गृहकार्यकै रुपमा प्रयोग गर्न लगाउनु पर्ने, पाठ्यक्रमको जानकारी सबै शिक्षकमा हुनु पर्ने, पाठ्यक्रमानुसार शिक्षण विधि, शैक्षिक सामग्री, मूल्याङ्कन, गृहकार्यमा पर्याप्त ध्यान दिई सम्बन्धित विषय शिक्षकले शिक्षण गराउनु पर्ने निश्कर्ष निकाल्नु भएको थियो ।

उल्लेखित पूर्व अध्ययन कार्यले यस शोधपत्रका लागि अध्ययनकर्तालाई अध्ययनको पृष्ठभूमी तयार पार्न, समस्याको कथन गर्न, अध्ययनको सीमा तोक्न तथा शोधपत्र लेखनमा अत्याधिक सहयोग पुऱ्याएका छन् । उक्त अध्ययन भन्दा यो अध्ययन अति नै नयाँ र मौलिक छ।

## २.३ अवधारणात्मक ढाँचा

विद्यालयको माध्यमिक तहमा अनिवार्य विषयको शिक्षण सिकाइ क्रियाकलापको अवस्था अध्ययन गर्न निम्न अनुसारको अवधारणात्मक ढाँचा तयार गरिएको थियो । जसमा प्रधानाध्यापकको दायित्व विषय शिक्षकको व्यवहारहरु सबल र दुर्वल पक्षहरुको प्रभावकारीता बढाउने उपायहरु जस्ता कुराहरु यस भित्र समावेश गरिएको थियो ।




शिक्षण सिकाइको क्रममा अनिवार्य विषयहरु शिक्षण गर्ने शिक्षकहरुको पृष्ठभूमीले कस्तो असर पारेको छ भन्ने सन्दर्भमा शिक्षकको व्यवहार, शिक्षणका लागि तयारी, कक्षाकोठा व्यवस्थापन, योग्यता, तह, तालिम, अनुभव, धर्म, जाति, लिङ्ग जस्ता पक्षहरुको खोज तथा अनुसन्धान गरिएको थियो । त्यसैगरी शिक्षण सिकाइ क्रियाकलापको अवस्थामा विषयवस्तु, पूर्व पाठको पुनरावृत्ति, शिक्षण विधि, पूर्व ज्ञानको परीक्षण, मूल्याङ्कन, कक्षा कार्य, गृहकार्य, परीक्षा जस्ता पक्षहरुको अध्ययन गरिसकेको थियो । त्यस्तै शिक्षक तथा विद्यार्थीहरुको दृष्टिकोण हेरिएको थियो भने विद्यालयको शैक्षिक, भौतिक अवस्था सुधारमा प्र.अ.को दायित्वका लागि शैक्षिक सामग्री, नेतृत्व, शैक्षिक योजना, शिक्षकलाई उत्प्रेरणा र प्रोत्साहन, व्यावसायिक दक्षता जस्ता पक्षहरुको अध्ययन गरिएको थियो ।

# अध्याय -तीन

## अध्ययन विधि

कुनै पनि कार्य गर्नका लागि गुणात्मक, परिमाणात्मक र मिश्रित विधि मध्ये एकलाई छनोट गर्नुपर्ने भएकोले अध्ययनलाई उद्देश्य अनुरुप बढी उपलब्धीपूर्ण तरिकाले सम्पन्न गर्नका लागि विधिको आवश्यकता पर्दछ । जसले विभिन्न अवस्था र प्रक्रियालाई प्रष्ट पार्दछन् ।

अनुसन्धान विधि अनुसन्धान गरिने विषयको प्रकृति, अध्ययनको उद्देश्य, संकलित सूचनाको किसिम आदि पक्षमा निर्भर गर्दछ । यो शोध अध्ययन मूख्यतया गुणात्मक विधिबाट सम्पन्न गरिने भएकाले यसको अध्ययन पनि यसै अनुरुप गरिएको थियो ।

गुणात्मक अनुसन्धानको मूख्य उद्देश्य कुनै घटना, अवस्था, प्रक्रिया तथा समस्याको व्यापक गहिराइमा गएर सूचना संकलन गरिने भएकाले यसमा प्रयोग हुने सूचना पनि शाब्दिक हुन्छन् । त्यसैले अध्ययनमा खुल्ला, विस्तृत अन्तर्वार्ता निर्देशिका र प्रत्यक्ष अवलोकन फारमको माध्यमबाट सूचना संकलन गरिएको थियो । यसरी कुनै घटना, प्रक्रिया, अवस्था तथा समस्याको अध्ययन गर्ने उद्देश्यले नामरुपी वा क्रमागत स्केलमा संकलन गरिएका सूचनालाई तोकी विश्लेषण गरी निष्कर्षमा पुगिने अनुसन्धान नै गुणात्मक अनुसन्धान विधि हो ।

३.१ अनुसन्धानको ढाँचा

अध्ययनलाई प्रभावकारी र सजिलैसँग सम्पन्न गर्नका लागि विषयवस्तुको प्रकृति अनुसार उद्देश्य प्राप्त गर्न तयार पारिएको विस्तृत योजना तथा रणनीतिलाई अनुसन्धानको ढाँचा भनिन्छ । यो अनुसन्धान ढाँचा अनुसन्धानको पूर्व योजना हो । अनुसन्धान कार्यलाई निश्चित समय र खर्चमा सम्पन्न गर्न अनुसन्धान ढाँचाको आवश्यकता पर्दछ । यो अध्ययन अनिवार्य विषयको वर्तमान अवस्था, घटना वा समस्याको विषयमा सम्बन्धित भएर दुई किसिमबाट अनुसन्धान गर्न सकिन्छ । ती हुन् : गुणात्मक अनुसन्धान र परिमाणात्मक अनुसन्धान । यो अनुसन्धान निश्चित ढाँचाको हुने भएकोले नमूना छनोट उद्देश्यमूलक आधारमा गरिएको थियो । माध्यमिक तहमा अनिवार्य विषयहरुको शिक्षण सिकाई क्रियाकलापको अवस्था कस्तो छ भनेर अन्तर्वार्ता, अवलोकन, लक्षित समूह छलफलबाट छनौट गरिएका विद्यालयहरुको स्थलगत अध्ययनबाट प्राप्त भएको तथ्याङ्कलाई व्याख्यात्मक रुपबाट विश्लेषण गरिएको छ । यस अध्ययनमा तथ्याङ्क संकलन गर्दा वर्णानात्मक पद्धतीलाई प्रयोग गरी सूचनाको संकलन, विश्लेषण र व्याख्या गरिएको थियो ।

तालिका नं.-३.२

अनुसन्धानको ढाँचा

| क्र.सं. | उद्देश्यहरु | प्रतिक्रियादाता | साधन |
|---|---|---|---|
| १. | शिक्षकहरुको पृष्ठभूमी पहिचान गर्नु | प्र.अ., विषय शिक्षक | अन्तरवार्ता निर्देशिका<br>अवलोकन फारम<br>विद्यालयको दस्तावेज अध्ययन |
| २. | शिक्षण विधि र शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्नु | प्र.अ.,शिक्षक, विद्यार्थी शिक्षक, विद्यार्थी क्रियाकलाप | अन्तरवार्ता निर्देशिका<br>अवलोकन फारम<br>विद्यालयको दस्तावेज अध्ययन<br>लक्षित समूह छलफल |
| ३. | शिक्षण सिकाइ क्रियाकलाप प्रति शिक्षक तथा विद्यार्थीको धारणा पहिचान गर्नु | शिक्षक<br>विद्यार्थी | अन्तरवार्ता निर्देशिका<br>अवलोकन<br>लक्षित समूह छलफल |

## ३.२ जनसंख्या र नमूना छनौट

सम्पूर्ण अध्ययन गर्न लागेको, जनसंख्या क्षेत्रको सानो समूह जसले सम्पूर्ण जनसंख्याको क्षेत्रको प्रतिनिधित्व गर्दछ, त्यसलाई नमूना छनौट भनिन्छ । प्रस्तावित गुणात्मक अनुसन्धानका निर्धारित उद्देश्यहरु प्राप्त गर्नका लागि आवश्यक सूचना संकलन गर्न उद्देश्यमूलक नमूना छनौट विधिलाई प्रयोग गरेर बुद्धिमत्तापूर्वक कार्यलाई सम्पन्न गर्नुपर्ने हुन्छ । यस अध्ययन कार्यका लागि नुवाकोट जिल्लाको तुप्चे स्रोत केन्द्र अन्तर्गतका गेर्खु गा.वि.स.मा आफु शिक्षण गर्ने शिलशिलामा पुगेकोले सुविधाजनक नमूना छनौट विधिबाट नुवाकोट जिल्ला गेर्खु गा.वि.स.का २ वटा सामुदायिक विद्यालय, विद्यालयका प्र.अ. अनिवार्य विषय शिक्षक र विद्यार्थीहरुलाई नमूनाको रुपमा लिइएको थियो ।

### ३.२.१ विद्यालयको छनौट

यस अध्ययनको लागि विद्यालय छनौट गर्दा भौगोलिक विकटताको आधारमा आफुलाई पायक पर्ने  २ वटा विद्यालयहरु छनौट गरिएको थियो । जसमा ती २ वटा विद्यालयहरु निम्न थिए : श्री सेती देवी माध्यमिक विद्यालय, गेर्खु-१,  र श्री कालिका माध्यमिक विद्यालय्, गेर्खु-५, वितलब, नुवाकोट । (विद्यालयको नाम अनुसूची -१ म हेर्नुहोस् )

### ३.२.२ प्रतिक्रियादाताहरुको छनौट

यस अध्ययनको सिलसिलामा प्रतिक्रियाहरुको रुपमा छनौट गरिएका वा छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, अनिवार्य विषयका शिक्षकहरु र विद्यार्थीहरु रहेका थिए । जसलाई तल यस प्रकार उल्लेख गरिएको छ

प्रधानाध्यापकको छनौट

छनौट गरिएका प्रत्येक विद्यालयका प्रधानाध्यापकहरुसँग आफुलाई आवश्यक सूचना संकलन गर्न २ वटा विद्यालयका दुवै जना प्रधानाध्यापकलाई प्रतिक्रियादाताको रुपमा छनौट गरिएको थियो । (प्र.अ. को नाम अनुसूचि २ मा हेर्नुहोस् )

शिक्षकहरुको छनौट

छनौट गरिएका विद्यालयका अनिवार्य विषय शिक्षण गर्ने शिक्षकहरुसँग आवश्यक सूचना संकलन गर्नका लागि प्रत्येक विद्यालयबाट ६ जना अनिवार्य विषयका शिक्षकहरु छनौट गरी २ वटा विद्यालयबाट १२ जना शिक्षकहरुलाई प्रतिक्रियादाताको रुपमा छनौट गरिएको थियो (शिक्षकहरुको नाम अनुसूचि ३ मा हेर्नुहोस् ) ।

विद्यार्थीहरुको छनौट

अनुसन्धानको क्रममा छनौट गरिएका विद्यालयहरुबाट माध्यमिक तहमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुको प्रतिनिधित्व हुनेगरी गोला प्रथाद्धारा ३० जना विद्यार्थीहरु छनौट गरिएको थियो (विद्यार्थीहरुको नामावली अनुसूचि ४ क र ४ ख मा हेर्नुहोस् ) ।

तालिका नं. ३.३

प्रत्येक विद्यालयबाट नमूना छनौटमा परेका विद्यार्थी संख्या

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | जम्मा विद्यार्थीको संख्या | नमूना छनौटमा परेका विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १. | श्री सेतीदेवी माध्यमिक विद्यालय | गेर्खु -१, नुवाकोट | ५२ | १५ |
| २. | श्री कालिका माध्यमिक विद्यालय | गेर्खु -५, नुवाकोट | ४५ | १५ |

### ३.३ साधन निर्माण

माध्यमिक तहमा अनिवार्य विषयको शिक्षण सिकाइ क्रियाकलापहरुको अवस्था सम्बन्धि सूचना संकलन गर्ने सन्दर्भमा अनुसन्धानकर्ता आफैं स्थलगत रुपमा उपस्थित भइ गरिएको थियो । सही, सत्य, तथ्यमा आधारित तथ्याङ्कले नै अध्ययन कार्यलाई सफल र प्रभावकारी बनाउन सक्षम हुने गर्दछ । यो अनुसन्धान कार्य पूरा गर्न निम्न अनुसारका तथ्याङ्क संकलनका साधनहरुको निर्माण गरी तथ्याङ्क संकलन गरिएको थियो ।

#### ३.३.१ अन्तरवार्ता निर्देशिका

माध्यमिक तहमा अनिवार्य विषयहरुको शिक्षण सिकाइ क्रियाकलापहरुको अवस्था अध्ययन गर्न छनौटमा परेका २ वटा विद्यालयका प्रधानाध्यापकहरु, अनिवार्य विषय शिक्षकहरुसँग आवश्यक तथ्याङ्क संकलन गर्न अन्तरवार्ता निर्देशिका तयार गरिएको थियो ( अन्तरवार्ता निर्देशिका अनुसूचि ५ र ६ मा हेर्नुहोस् ) ।

#### ३.३.२ अवलोकन फारम

माध्यमिक तहमा अनिवार्य विषयहरुको शिक्षण सिकाइ क्रियाकलापहरुको अवस्था अध्ययन गर्न छनौटमा परेका २ वटा विद्यालयका अनिवार्य विषयहरुको शिक्षकले कक्षाकोठामा कसरी शिक्षण भइरहेका छन्, शिक्षकहरुले कस्ता खालका शैक्षिक सामग्रीहरुको प्रयोग गरिरहेका छन् , कुन-कुन विधिहरुको माध्यमबाट शिक्षण गरिरहेका छन् , मूल्याङ्कन कसरी गर्दछन् , गृहकार्य दिने र परीक्षण गर्ने परम्परा कस्तो छ जस्ता पक्षहरुको अनुसन्धान गर्न कक्षा अवलोकन फारम निर्माण गरिएको थियो (कक्षा अवलोकन फारम अनुसूचि ७ मा हेर्नुहोस् ) ।

#### ३.३.३ लक्षित समूह छलफल निर्देशिका

नमूना छनौटमा परेका विद्यालयहरुबाट माध्यमिक तहका सम्पूर्ण विद्यार्थीहरुको संख्यालाई प्रतिनिधित्व हुने गरी विद्यार्थीहरुको नमूना छनौट गरिएको थियो । उनीहरुबाट शिक्षकहरुले शिक्षण गर्ने तरिका, शिक्षण सिकाइ क्रियाकलाप प्रति शिक्षकहरु तथा विद्यार्थीहरुको दृष्टिकोण पहिचान गर्न नमूना छनौटमा परेका विद्यार्थीहरु बीचमा लक्षित समूह छलफल सञ्चालन गर्नको लागि लक्षित समूह छलफल निर्देशिका तयार गरिएको थियो (लक्षित समूह छलफल निर्देशिका अनुसूचि ८ मा हेर्नुहोस् ) ।

### ३.३.४ दस्तावेज अध्ययन

अनुसन्धानको क्रममा सम्बन्धित संघ संस्थाका विभिन्न महत्वपूर्ण सूचनाहरु फाइल गरी राखिएको प्रमाणहरुलाई दस्तावेज अध्ययन भनिन्छ । यस अध्ययनमा छनौटमा पर्ने माध्यमिक विद्यालयमा अनिवार्य विषयहरु शिक्षण गर्ने शिक्षकहरुको शैक्षिक योग्यता, उनीहरुले प्राप्त गरेको तालिम, अनुभव, लिङ्ग, उमेर, भाषा, ठेगाना, विशिष्टिकरण गरेको विषय, शिक्षण गर्ने विषय आदि पत्ता लगाउनका लागि दस्तावेज अध्ययन गरिएको थियो ।

### ३.३.५ साधनको वैधता

अध्ययनको लागि निर्माण गरिएका साधनहरुमा वैधता कायम हुन वैध सूचना प्राप्त हुनु जरुरी हुन्छ । यस अध्ययनमा गुणात्मक किसिमको सूचना प्राप्त गर्ने अपेक्षा राखिएको थियो । यस कार्यमा संलग्न रहनु भएका अन्य ४ जना सहपाठी साथीहरुसँग यो प्रस्ताव प्रस्तुत गरी छलफल चलाइएको थियो । त्यसपछि शोध निर्देशिकको निर्देशनमा अन्तिम रुप प्रदान गरिएको थियो । यसरी निर्माण गरिएको साधनको प्रयोग गर्दा उद्देश्यलाई समेट्न सक्छ भनी शोध निर्देशिकाको सल्लाह र सुझावका आधारमा साधनको वैधता निर्धारण गरिएको थियो ।

## ३.५ सूचना संकलन प्रक्रिया

यस अध्ययनका लागि आवश्यक सूचना संकलन गर्न गुणात्मक प्रक्रिया अपनाइएको थियो । तथ्याङ्क संकलन प्रक्रियामा प्राथमिक तथ्याङ्कको रुपमा नमूना विद्यालयमा गई लक्षित समूह छलफल, प्रधानाध्यापक र शिक्षकसँग अन्तरवार्ता र कक्षा अवलोकन गरिएको थियो भने द्धितीय तथ्याङ्कको रुपमा शिक्षक निर्देशिका, अनिवार्य विषयको पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य पत्रपत्रिका र आवश्यक स्रोतको उपयोग गरिएको थियो । प्राथमिक तथ्याङ्क संकलन गर्ने क्रममा सर्वप्रथम नमूना छनौटमा परेका विद्यालयमा उपस्थित भई स्थलगत कार्य सम्पन्न गरी तथ्याङ्क संकलन गरिएको थियो । यसै क्रममा छनौटमा परेका प्रधानाध्यापक समक्ष अनुसन्धानको आधिकारीकता दर्साउने पाठ्यक्रम तथा मूल्याङ्कन विभागको पत्र प्रस्तुत गरी अध्ययनको उद्देश्य प्रष्ट पार्दै सहयोगको लागि अनुरोध गरिएको थियो । सोही अनुरोध अनुसार प्रत्येक विद्यालयका प्रधानाध्यापकहरुले लक्षित समूहको छलफल गर्न कक्षा ९ का छात्र छात्रासँग छलफलको लागि समय उपलव्ध गराउनु भएको थियो । विषय शिक्षकसँग अन्तरवार्ताका लागि खाली पिरियडको सदुपयोग गर्न शिक्षकसँग सम्पर्क गरियो र प्रधानाध्यापकसँग फुर्सदको समयमा अन्तरवार्तामा सरिक हुन अनुरोध गरिएको थियो ।

प्रधानाध्यापकहरुले उपलव्ध गराउने समय अनुसार विद्यालयमा उपस्थित भएर कक्षा ९ का छात्र छात्रामध्येमा आपसी समझदारीका आधारमा समूह  निर्माण गरी आवश्यक विषयमा छलफल गराई गुणात्मक तथ्याङ्क संकलन गरिएको थियो । पुनः दोश्रो, तेश्रो र चौथो दिन विषय शिक्षकले दिएको समय अनुसार विद्यालयमा उपस्थित अंसरचित प्रश्नावलीका आधारमा खुला अन्तरवार्ता सञ्चालन गरी आवश्यक तथ्याङ्क संकलन गरिएको थियो । सम्भवतः एक विद्यालयमा त्यसै दिन र अर्कोमा अर्को दिन प्रधानाध्यापकसँग खुला अन्तरवार्ता र कक्षा अवलोकन गरिएको थियो ।

माध्यमिक तहका अनिवार्य विषयको शिक्षण सिकाई क्रियाकलापको अवस्था पहिचान गर्ने क्रममा शिक्षकहरुको पृष्ठभूमी, विद्यार्थी संख्या, शिक्षकहरुको संख्या सम्बन्धमा विद्यालयले राखेका रेकर्डहरु अध्ययन गर्न शिक्षकहरुको पृष्ठभूमी शीर्षकमा एउटा तालिका तयार गरिएको थियो । सोही बमोजिम आवश्यक सूचना संकलन गरिएको थियो । (शिक्षकहरुको पृष्ठभूमी अनुसूची ३ क र ३ ख मा हेर्नु होस् )

अनुसन्धानकर्ताले तयार पारेको अन्तरवार्ता निर्देशिकाको प्रयोग गरी छनौट गरिएका प्रतिक्रियादाताहरु मथि प्रयोग गरी आवश्यक तथ्यांक संकलन गरिएको थियो ।

अनुसन्धानकर्ताले तयार पारिएको अवलोकन फारम छनौट गरिएका विद्यालयहरुमा उपस्थित भई शिक्षण सिकाइ क्रियाकलाप चलिरहेको समयमा अवलोकन गरी उक्त फारम भरी आवश्यक सूचना संकलन गरिएको थियो ।

माध्यमिक तहका अनिवार्य विषयको शिक्षण सिकाइ क्रियाकलापको अवस्था अध्ययन गर्न छनौटमा परेका विद्यालयका विद्यार्थीहरुलाई आफुले निर्माण गरेको लक्षित समूह छलफल निर्देशिकाका प्रश्नहरुको सहायताले आवश्यक सूचनाहरु संकलन गरिएको थियो ।

### ३.६ तथ्याङ्क विश्लेषण,व्याख्या र प्रस्तुतिकरण प्रक्रिया

यस अध्ययनका लागि आवश्यक सूचना तथा तथ्याङ्क विश्लेषण विभिन्न स्रोतबाट संकलन गरी सकेपछि विभिन्न शीर्षकमा विभाजन गरी मिश्रित रुपमा विश्लेषण र व्याख्या गरिएको थियो ।

#### क) तथ्याङ्कको संगठन र रुपान्तर

विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कहरुलाई प्रकृति र स्वरुप अनुसार छुट्टाछुट्टै  रुपमा संगठन र रुपान्तरण गरिएको थियो ।

#### ख) तथ्याङ्कको तालिकीकरण

तथ्याङ्कको प्रकृति र स्वरुपका आधारमा आवश्यकता अनुसार तालिकीकरण गरिएको थियो ।

**ग) तथ्याङ्कको व्याख्या**

अध्ययनको क्रममा प्राप्त सूचना तथा तथ्याङ्कहरुलाई संगठन, रुपान्तरण तथा तालिकीकरण गरी विश्लेषण गरेपछि गुणात्मक शैलीमा व्याख्या गरिएको थियो ।

## ३.७ नीतिगत पक्ष

सर्वप्रथम अनुसन्धान गर्न उत्तरदातासँग सही, सत्य र तथ्यपरक सूचना संकलन गर्न सुमधुर सम्बन्ध कायम गरिएको थियो । उत्तरदाताहरुले दिएको सूचनाहरु शोध कार्यका लागि मात्र उपयोग गरिने र शिक्षण पेशामा कुनै प्रकारको बाधा अवरोध उत्पन्न नहुने कुरामा विश्वस्त गरिएको थियो ।

अनुसन्धान कार्य सुरु गर्नुभन्दा पहिला आफुले के कस्ता सूचना संकलन गर्ने, कति सिमा भित्र रहेर तथ्याङ्क संकलन गर्ने भनी पहिला नै जानकार भएर यो अध्ययन अनुसन्धान गरिएको थियो ।

अनुसन्धान कार्य गर्दा उत्तरदाताहरुलाई कुनै प्रकारको लोभ लालच नदेखाई स्व-इच्छाले दिएका सूचनाहरु संकलन गरिएको थियो । उत्तरदाताहरुलाई विश्वास दिलाएर यो सूचना केवल शोधपत्रको लागि मात्र हो भन्ने सूचना संकलन गरिएको हुँदा धेरै भन्दा धेरै मात्रामा सत्य, तथ्यपरक र वास्तविक सूचनाहरु प्राप्त भएको थियो ।

प्रतिवेदन लेखन कार्यमा तथ्याङ्क विश्लेषण र व्याख्या गर्ने क्रममा विद्यालय तथा उत्तरदाताहरुको गोपनीयतालाई ख्याल गरी विद्यालयको प्रतिक्रियादाताहरुको नाम उल्लेख गरिएको छैन । यसको लागि विद्यालयको गोपनियता र आफुलाई सहज पर्ने गरी तथ्याङ्क विश्लेषण गर्नका लागि विद्यालयहरुलाई क र ख गरी संकेतहरु प्रदान गरिएको छ ।

# अध्याय -चार

# सूचनाको विश्लेषण र व्याख्या

कुनै पनि अनुसन्धान कार्यका लागि सूचनाहरुको संकलन गरी सकेपछि सूचनाको विश्लेषण र व्याख्या गर्ने कार्य गरिन्छ । यस अध्ययनका मूख्य उद्देश्य माध्यमिक तहमा अध्यापन गर्ने अनिवार्य विषयका शिक्षकहरुको पृष्ठभूमी पहिचान गर्नु, शिक्षण विधि र शिक्षण सिकाई क्रियाकलापको अवस्था पहिचान गर्नु र शिक्षण सिकाई क्रियाकलापप्रति शिक्षक तथा विद्यार्थीहरुको धारणा पहिचान गर्नु भएकोले शिक्षणका विभिन्न पक्ष, विषय शिक्षकसँग अन्तरवार्ता, कक्षा अवलोकन र कक्षामा परीक्षा सञ्चालन गरी सूचनाको संकलन गरिएको थियो भने सूचनाको विश्लेषण र व्याख्या निम्न अनुसार गरि प्रतिवेदन तयार गरिएको  छ ।

## ४.१ शिक्षकहरुको पृष्ठभूमी

माध्यमिक तहमा अध्यापन गर्ने अनिवार्य विषयका शिक्षकहरुको पृष्ठभूमी पहिचान गर्न छनौट गरिएको विद्यालयहरुको दस्तावेज अध्ययनबाट प्राप्त गरिएको सूचनाहरुलाई निम्न अनुसार व्याख्या र विश्लेषण गरिएको छ ।

तालिका नं. ४.१

छनौट भएका विद्यालयका शिक्षकहरुको पृष्ठभूमी

| शिक्षण गर्ने विषय | शिक्षकको नाम | योग्यता र विशिष्टीकरण विषय | तालिम | नोकरीको किसिम | उमेर वर्ष | अनुभव वर्ष |
|---|---|---|---|---|---|---|
| अंग्रेजी | लक्ष्मण न्यौपाने | एम.एड (अंग्रेजी) | बि.एड. | अस्थायी | २८ | ६ |
| | कमल पराजुली | बि.एड (अंग्रेजी) | बि.एड. एम.एड. | अस्थायी | २७ | २ |
| नेपाली | पुष्पराज नेपाल | एम.एड (नेपाली) | एम.एड. | स्थायी | ४६ | २० |
| | रुपा पाण्डे | बि.ए. (नेपाली) | १० महिने | स्थायी | ४२ | ७ |
| गणित | कृष्णकुमार मल्लिक | बि.एसी. बि.एड (गणित) | बि.एड. | अस्थायी | ४५ | १७ |
| | श्रीकृष्ण प्याकुरेल | बि.ए. (जनसंख्या) | १० महिने | अस्थायी | ३१ | १० |
| विज्ञान | लक्ष्मी लो लामा | बि.एसी.बि.एड (विज्ञान) | १ वर्षे बि.एड. | अस्थायी | २५ | ३ |
| | करुणा धिताल | बि.एड (विज्ञान) | बि.एड. | अस्थायी | २२ | ३ |
| सामाजिक | धर्मदेव यादव | बि.ए. बि.एड (अंग्रेजी ) | बि.एड. | अस्थायी | ४५ | १७ |
| | पुरुषोत्तम प्याकुरेल | बि.ए. (भूगोल ) | १० महिने | स्थायी | ४६ | २८ |
| स्वास्थ्य, जनसंख्या तथा वातावरण | भोलाप्रसाद कुशवाहा | बि.कम.(लेखा) | १० महिने | स्थायी | ५६ | ३२ |
| | राधिका घिमिरे | बि.एड. (नेपाली ) | बि.एड | अस्थायी | २९ | ७ |

तलिका नं. ४.१ लाई विश्लेषण गर्दा विद्यालयमा अनिवार्य विषय शिक्षण गर्ने शिक्षकहरु मध्ये अंग्रेजी, नेपाली, गणित र विज्ञान विषय शिक्षण गर्ने शिक्षकहरुले सम्बन्धित विषयमा नै विशिष्टिकरण गरेको पाइयो भने सामाजिक र जनसंख्या विषय शिक्षण गर्ने

शिक्षकहरुले सम्बन्धित विषयमा विशिष्टिकरण नगरेको पाइयो । त्यस्तै जनसंख्या विषय शिक्षण गर्ने शिक्षक वाणिज्य संकायबाट आएको पाइयो र उहाँले १० महिने शिक्षक तालिम लिएको पाइयो भने अन्य शिक्षकहरु शिक्षा संकायबाट नै भएको पाइयो । अध्यापनरत शिक्षकहरुमध्ये ८ जना अस्थायी र ४ जना स्थायी शिक्षकहरु रहेको पाइयो । त्यस्तै अध्यापनरत शिक्षकहरुमा कम्तीमा २ वर्ष र बढीमा ३२ वर्ष अनुभव प्राप्त गरेका शिक्षकहरुले शिक्षण गर्ने गरेको पाइयो ।

छनौट गरिएका २ वटा सामुदायिक विद्यालयका अनिवार्य विषयहरु शिक्षण गर्ने शिक्षकहरुको पृष्ठभूमीलाई समग्रमा तुलनात्मक रुपमा विश्लेषण गर्ने क्रममा योग्यता चर्चा गर्नु पर्दा अंग्रेजी विषय शिक्षण गर्ने सबै शिक्षकहरुले स्नातक तह पूरा गरेको पाइयो जुन माध्यमिक तह शिक्षण गर्न सक्ने योग्यता हो ।

छनौट गरिएका विद्यालयका नेपाली विषय शिक्षण गर्ने सम्पूर्ण शिक्षकहरुमध्ये एक जना शिक्षाशास्त्र संकायबाट स्नातक तह पूरा गरेको पाइयो भने अर्का शिक्षक मानविकी संकायबाट स्नातक तह पूरा गरेको पाइयो । एउटा विद्यालयमा नेपाली विषय शिक्षण गर्ने शिक्षक शिक्षिका दुवैले शिषण गरेको पाइयो ।

छनौट गरिएका २ वटा विद्यालयका गणित विषय शिक्षण गर्ने शिक्षकहरु शिक्षाशास्त्र संकायबाट गणित विषय लिई स्नातक तह पूरा गरेको पाइयो भने अर्को शिक्षक मानविकी संकायबाट स्नातक तह जनसंख्या विषय लिई पूरा गरेको तर अध्यापन गणित विषय गरिरहेको पाइएको थियो ।

छनौट गरिएका दुई वटा विद्यालयहरुमा विज्ञान विषय शिक्षण गर्ने शिक्षकहरुको योग्यता चर्चा गर्नु पर्दा एउटा शिक्षिका बि.एस्सी. गरी १ वर्षे बि.एड. गरेको पाइयो भने अर्को विज्ञान शिक्षण गर्ने शिक्षिका विज्ञान विषयमा स्नातक तह पुरा गरेको पाइयो ।

अनुसन्धान गरिएका २ वटा विद्यालयहरुमध्ये सामाजिक अध्ययन विषय शिक्षण गर्ने शिक्षकहरुले एउटा विद्यालयमा शिक्षण गर्ने शिक्षकले अंग्रेजी विषयमा स्नातक तह पूरा गरेको पाइयो भने अर्को विद्यालयमा शिक्षण गर्ने शिक्षकले भूगोल विषयमा स्नातक तह पूरा गरी शिक्षण गरीरहेको पाइयो ।

छनौट गरिएका २ वटा विद्यालयका जनसंख्या विषय शिक्षण गर्ने शिक्षकहरुमा एउटा विद्यालयमा जनसंख्या शिक्षण गर्ने शिक्षक लेखा विषयमा स्नातक तह पूरा गरेको पाइयो भने अर्को विद्यालयमा जनसंख्या विषय शिक्षण गर्ने शिक्षकले नेपाली विषयमा स्नातक तह पूरा गरेको पाइयो ।

माध्यमिक तह भनेको निम्न स्तरको जनशक्ति उत्पादन गर्ने हिसाबले शिक्षण गरिने तह हो । यस तहमा शिक्षण गर्ने शिक्षकहरु तालिम प्राप्त हुनु जरुरी हुन्छ । तालिमले व्यक्तिलाई आफुमा भएको ज्ञानलाई कसरी र कुन तरिकाले शिक्षण सिकाइमा प्रयोग गर्ने भनी व्यक्तिलाई निर्देशन दिने गर्दछ ।

अनुसन्धान गरिएका विद्यालयहरुमा अनिवार्य विषयहरु शिक्षण गर्ने अधिकांश शिक्षकहरु शिक्षाशास्त्र संकायबाट नै आएका हुनाले शिक्षा सम्बन्धि विभिन्न ज्ञानहरु वहाँहरुमा भएको पाइयो । अन्य संकायबाट आएका शिक्षकहरुले पनि शिक्षा सम्बन्धि विभिन्न किसिमका तालिमहरु लिएका तथा एक वर्षे बि.एड. गरी शैक्षिक तालिम लिइएका पाइयो ।

माध्यमिक तहमा शिक्षण गर्ने शिक्षकहरु अनुभवी हुनु पर्दछ । अनुभवले शिक्षकहरुलाई पेशागत दक्षता बढाउँछ । जति बढी अनुभव प्राप्त गरेको व्यक्ति छ उसको शिक्षण गर्ने विधि र शैली पनि त्यति नै स्तरीय हुँदै जान्छ ।

छनौट गरिएका विद्यालयहरुमध्ये अध्ययनको क्रममा विद्यालयहरुका दस्तावेज अध्ययन, शिक्षक तथा प्रधानाध्यापकसँगको अन्तरवार्ताको क्रममा प्राप्त सूचनाहरुलाई विश्लेषण गर्नुपर्दा एउटा विद्यालयमा शिक्षण गर्ने शिक्षकहरुमध्ये सबैभन्दा बढी अनुभव प्राप्त शिक्षकमा स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा शिक्षण गर्ने शिक्षकको ३२ वर्ष रहेको पाइयो । जसको योग्यता बि.कम. थियो भने सबैभन्दा कम अनुभव प्राप्त शिक्षकका विज्ञान विषय शिक्षण गर्ने शिक्षिकाको ३ वर्ष मात्र रहेको पाइयो ।

यसै क्रममा अर्को विद्यालयमा शिक्षण गर्ने शिक्षकहरुमध्ये सबै भन्दा बढी सामाजिक अध्ययन शिक्षण गर्ने शिक्षकको २८ वर्ष अनुभव रहेको पाइयो भने सबैभन्दा कम अंग्रेजी विषय शिक्षण गर्ने शिक्षकको २ वर्ष रहेको पाइयो ।

विद्यालयहरुबाट प्राप्त सूचनाहरुलाई विश्लेषण गर्दा शिक्षकहरु कसैले धेरै अनुभवको आधारमा आफ्नो विशिष्टिकरणको विषय भन्दा फरक विषय शिक्षण गर्ने तथा कम अनुभव प्राप्त शिक्षकहरुले आफ्नो विशिष्टिकरणको विषय नै शिक्षण गरिरहेको पाइयो ।

स्थलगत अध्ययनबाट प्राप्त भएका सूचनाहरुलाई विश्लेषण गर्ने क्रममा शिक्षकहरुको स्थायी/अस्थायी अवस्था कस्तो रहेछ भनी सूचना संकलन गरिएको थियो । संकलित सूचनाको आधारमा विश्लेषण गर्नुपर्दा सबैभन्दा बढी शिक्षकहरु अस्थायी रहेको पाइयो भने दुवै विद्यालयमा २/२ जनाका दरले स्थायी रहेको पाइयो ।

यसरी सूचनाहरुलाई विश्लेषण गर्दा अध्ययन गरिएका विद्यालयका माध्यमिक तहमा अनिवार्य विषय शिक्षण गर्ने सम्पूर्ण शिक्षकहरुको पृष्ठभूमी तह अनुसार योग्य रहेको पाइयो ।

### ४.२ शिक्षण विधि र शिक्षण सिकाइ क्रियाकलाप

माध्यमिक तहमा अध्यापन गर्ने अनिवार्य विषयको शिक्षण सिकाइ क्रियाकलापको अवस्था शीर्षक अन्तरगत उद्देश्य नं. २ मा उल्लेख गरिएको शिक्षण विधि र शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्न छनौट गरिएका २ वटा विद्यालयका प्रधानाध्यापक, शिक्षकसँगको अन्तरवार्ता, कक्षा अवलोकन र विद्यार्थीहरुसँगको लक्षित समूह छलफलबाट प्राप्त सूचनाहरुलाई निम्न अनुसार व्याख्या एवम् विश्लेषण गरिएको छ ।

#### ४.२.१ शिक्षकको पूर्व तयारी

माध्यमिक तहको अनिवार्य विषयहरुको शिक्षण सिकाइ क्रियाकलापको अवस्था पहिचान गर्ने क्रममा छनौट गरिएका विद्यालयहरुबाट शिक्षक, प्रधानाध्यापकसँगको अन्तरवार्ता लिई शिक्षकको पूर्व तयारी बारेमा आवश्यक सूचना संकलन गरिएको थियो । शिक्षण सिकाइ क्रियाकलाप गर्नु भन्दा अगाडी शिक्षकहरुले कस्तो पूर्व तयारी गर्दा रहेछन् भनी शिक्षण सिकाइ क्रियाकलापको योजना शैक्षिक सामग्रीको निर्माण, विषयवस्तुको  खोजी जस्ता विषयमा केन्द्रित भई आवश्यक सूचना संकलन गरिएको थियो ।

**अंग्रेजी**

नमूना छनौटमा गरिएका विद्यालयहरुको अंग्रेजी शिक्षकहरुले अंग्रेजी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु अघि पाठयोजना निर्माण गरी जाने गरेको प्रतिक्रिया दिएका थिए तर कक्षा अवलोकन र विद्यार्थी समूह छलफलमा शिक्षकहरु पाठयोजना नबनाई कक्षा कोठामा शिक्षण गर्ने गरेको पाइयो ।

**नेपाली**

नमूना छनौटमा गरिएका विद्यालयहरुको नेपाली विषयको शिक्षण गर्ने शिक्षकहरुले पाठयोजना नबनाई जाने प्रतिक्रिया दिएका थिए । तर कक्षा अवलोकन र लक्षित समूह छलफलमा पनि पाठयोजना र चित्रहरु देखाई शिक्षण नगरेको पाइयो ।

**गणित**

नमूना छनौटमा गरिएका विद्यालयहरुको गणित विषय शिक्षण गर्ने शिक्षकहरुले पाठ शीर्षकको आधारमा थाहा पाइ शिक्षण गर्ने बताएका थिए । तर कक्षा अवलोकन र विद्यार्थी समूह छलफलमा शिक्षकहरुले पाठ शीर्षकको आधारमा शिक्षण गर्ने गरेको पाइयो ।

**विज्ञान**

नमूना छनौटमा गरिएका विद्यालयहरुको विज्ञान विषय शिक्षण गर्ने शिक्षकहरुले अन्तरवार्ताको क्रममा पाठयोजना निर्माण गरी शिक्षण गर्ने बताएका थिए तर कक्षा अवलोकन र

लक्षित समूह छलफलका क्रममा भने कहिले काँही पाठयोजना बनाई शिक्षण गर्ने गरेको पाइयो ।

**सामाजिक**

नमूना छनौटमा गरिएका विद्यालयहरुको सामाजिक अध्ययन विषय शिक्षण गर्ने शिक्षकहरुले पूर्व तयारीको बारेमा अन्तरवार्ताको क्रममा पूर्व अध्ययन गरी पाठयोजना, शैक्षिक सामग्री निर्माण गरी शिक्षण गर्ने बताएका थिए तर कक्षा अवलोकन र विद्यार्थी समूह छलफलमा पाठयोजना नबनाई शिक्षण गर्ने गरेको र कहिले काँही शैक्षिक सामग्री प्रयोग गर्ने गरेको प्रतिक्रिया दिएका थिए ।

**स्वास्थ्य, जनसंख्या तथा वातावरण**

नमूना छनौटमा परेका विद्यालयहरुको स्वास्थ्य, जनसंख्या तथा वातावरण विषय शिक्षण गर्ने शिक्षकहरुले पूर्व तयारीको बारेमा अन्तरवार्ताको क्रममा पाठयोजना नबनाई शिक्षण गर्ने बताएका थिए तर कक्षा अवलोकन र विद्यार्थी समूह छलफल गर्दा पूर्व जानकारी दिए बमोजिम नै क्रियाकलाप सञ्चालन हुने गरेको पाइयो ।

नमूना छनोट गरिएका विद्यालयको शिक्षकहरुले शिक्षण सिकाइ क्रियाकलापमा जानु अघि कुनै पनि शिक्षकले पाठयोजना नबनाई शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरेको पाइयो । तर शिक्षकहरुसँगको अन्तरवार्ताको क्रममा विद्यालय 'क ' का अंग्रेजी र विज्ञान शिक्षकले मिनी पाठयोजना बनाई जाने गरेको प्रतिक्रिया दिएको थियो भने विद्यालय 'ख 'का अंग्रेजी र विज्ञान शिक्षकले शिक्षण गर्ने समयमा पाठयोजना, शैक्षिक सामग्री निर्माण गरी शिक्षण सिकाइ क्रियाकलाप (कक्षा कोठामा ) सञ्चालन गर्ने गरेको प्रतिक्रिया दिएका थिए । अन्य शिक्षकहरुले कुनै पनि योजना नबनाई पाठ शीर्षक मात्र हेरी कक्षा कोठामा जाने गरेको प्रतिक्रिया प्रधानाध्यापकले व्यक्त गरेका थिए ।

### ४.२.२ पाठ प्रवेश

**अंग्रेजी**

नमूना छनौटमा परेका विद्यालयहरुको अध्ययन क्रममा अंग्रेजी विषय शिक्षण गर्ने शिक्षकहरुको कक्षा कोठामा गर्ने शिक्षण सिकाइ क्रियाकलापलाई चर्चा गर्नु पर्दा विद्यालयका शिक्षकले कक्षा शिक्षणको शुरुवातमा पूर्वपाठको स्मरण गराई नयाँ पाठको शुरुवात गर्ने प्रतिक्रिया दिएका थिए भने अर्को विद्यालयका शिक्षकले सोझैं नयाँ पाठको सुरुवात गर्ने प्रतिक्रिया दिएका थिए ।

**नेपाली**

विद्यालयका नेपाली विषय शिक्षण गर्ने शिक्षकहरुले कक्षा कोठामा गर्ने शिक्षण सिकाइ क्रियाकलापको सम्बन्धमा जिज्ञासा राख्दा एउटा विद्यालयका शिक्षकले पूर्व पाठको स्मरण गराइ नयाँ विषयवस्तु शिक्षण गर्ने बताएका थिए भने अर्को विद्यालयका शिक्षकले कथा, कविता, चुटकिला सुनाइ विद्यार्थीहरुको ध्यान आकर्षित गराई विषयवस्तुमा प्रवेश गर्ने बताएका थिए तर कक्षा अवलोकन र विद्यार्थीसँगको छलफलको क्रममा भने विद्यालयका शिक्षकले पूर्व पाठको स्मरण गराई नयाँ पाठमा प्रवेश गरेका थिए भने अर्को विद्यालयका शिक्षकले सिधै नयाँ पाठमा प्रवेश गरेको पाइयो ।

**गणित**

विद्यालयका गणित विषय शिक्षण सिकाइ क्रियाकलापमा कक्षा शिक्षणको सुरुवात गर्ने सन्दर्भमा शिक्षकहरुसँगको अन्तरवार्ताको क्रममा सबै विद्यालयका शिक्षकहरुले विद्यार्थीहरुले उठान गरेका समस्याहर हल गरी दिई पूर्व पाठको स्मरण गराई नयाँ पाठमा प्रवेश गर्ने प्रतिक्रिया दिएका थिए । तर कक्षा अवलोकन र विद्यार्थीसँगको छलफलको क्रममा एउटा विद्यालयका शिक्षकले पूर्व पाठको स्मरण गर्ने गरेको पाइयो भने अर्को विद्यालयका शिक्षकले सिधै नयाँ विषयवस्तुमा प्रवेश गरेको पाइयो । विद्यार्थीहरुले उठाएका समस्याहरु भने सबै विद्यालयका शिक्षकहरुले समस्या गरिदिने गरेको पाइयो ।

**विज्ञान**

विद्यालयका विज्ञान विषय शिक्षण सिकाइ क्रियाकलापमा कक्षा शिक्षणको सुरुवात गर्ने क्रममा सबै विद्यालयका शिक्षकहरुले पूर्व पाठको स्मरण गराई नयाँ पाठमा प्रवेश गर्ने प्रतिक्रिया व्यक्त गरेका थिए भने कक्षा अवलोकन र विद्यार्थी समूह छलफलमा पनि अघिल्लो दिनको पाठको पुनरावृत्ति गराई नयाँ पाठको सुरुवात गर्ने गरेको पाइयो ।

**सामाजिक**

विद्यालयका सामाजिक विषय शिक्षण सिकाइ क्रियाकलापमा कक्षा शिक्षणको सुरुवात गर्ने क्रममा दुवै विद्यालयका शिक्षकहरुले अन्तरवार्ताको क्रममा अघिल्लो दिनको पाठको स्मरण गराई नयाँ पाठ प्रवेश गर्ने बताएका थिए । तर कक्षा अवलोकन र विद्यार्थी सँगको छलफलका क्रममा भने विद्यालयका शिक्षकले अघिल्लो दिनको पाठको पुनरावृत्ति गराएका र अर्को विद्यालयका शिक्षकले भने सिधै नयाँ पाठमा प्रवेश गरेको पाइयो ।

**स्वास्थ्य, जनसंख्या तथा वातावरण**

विद्यालयका स्वास्थ्य, जनसंख्या तथा वातावरण विषय शिक्षकहरुले कक्षा शिक्षण सुरुवात कसरी गर्ने गरेको सम्बन्धमा जिज्ञासा राख्दा एउटा विद्यालयका शिक्षकले अघिल्लो दिनको पाठको स्मरण गराई नयाँ विषयवस्तुमा प्रवेश गर्ने बताएका थिए भने अर्को विद्यालयका शिक्षकले भने सिधै नयाँ विषयवस्तुमा शिक्षण गर्ने बताएका थिए । तर कक्षा अवलोकन र लक्षित समूह छलफल सञ्चालन गर्दा पूर्व जानकारी दिए बमोजिम नै क्रियाकलाप सञ्चालन हुने गरेको पाइयो ।

**४.२.३ शिक्षण विधि**

माध्यमिक तहमा अनिवार्य विषयहरुको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थीहरुको रुचि, चाहना, इच्छा, क्षमता र योग्यता अनुसारका शिक्षण विधिहरु प्रयोग गरेमा शिक्षण सिकाइ प्रभावकारी हुन्छ । शिक्षक विद्यार्थी बीचमा विभिन्न विधिहरु प्रयोग गर्न सकिन्छ । नेपालका अधिकांश सामुदायिक विद्यालयहरुमा प्रायः व्याख्यान विधिबाट शिक्षण गरिने परम्परा रहेकोमा यस अनुसन्धानबाट नमूना छनौट गरी अध्ययन गरिएको विद्यालयहरुबाट प्रतिक्रियाहरु निम्न बमोजिम पाइएको थियो ।

**अंग्रेजी**

अध्ययन गरिएका २ वटा विद्यालयहरुका प्र.अ.हरुसँगको अन्तरवार्तामा अंग्रेजी विषयको शिक्षण विद्यार्थी केन्द्रित विधिद्धारा शिक्षण गर्ने बताए पनि कक्षा अवलोकन र लक्षित समूह छलफलमा व्याख्यान र प्रश्नोत्तर विधिद्धारा शिक्षण सिकाई क्रियाकलापमा बढी जोड दिने गरेको पाइयो ।

**नेपाली**

विद्यालयका नेपाली विषय शिक्षण गर्ने सम्बन्धमा प्र.अ. सँग को अन्तरवार्तामा व्याख्यान, छलफल र कथावाचन विधिद्धारा अध्ययन गराउने प्रतिक्रिया दिएका थिए तर कक्षा अवलोकन र विद्यार्थी समूह छलफलमा व्याख्यान, छलफल र कथावाचन विधि प्रयोग गरी अध्यापन गर्ने गराइएको पाइयो ।

**गणित**

अध्ययन गरिएका २ वटा विद्यालयहरुका प्र.अ.हरुसँगको प्रतिक्रिया अनुसार गणित विषयमा समस्या समाधान, प्रयोगात्मक विधिको प्रयोग गरी शिक्षण गर्ने बताएका थिए तर कक्षा अवलोकन र लक्षित समूह छलफलमा व्याख्यान, प्रश्नोत्तर, समस्या समाधान, छलफल लगायतका विधिद्धारा शिक्षण सिकाई क्रियाकलाप गरेको पाइयो ।

**विज्ञान**

अध्ययन गरिएका २ वटा विद्यालयहरुका प्र.अ.हरुसँगको प्रतिक्रिया अनुसार विज्ञान विषयमा प्रयोगात्मक, खोज विधि, व्याख्यान विधिको प्रयोग गरी शिक्षण गर्ने बताएका थिए तर कक्षा अवलोकन र लक्षित समूह छलफलमा व्याख्यान र प्रश्नोत्तर विधिमा बढी जोड दिई शिक्षण गरेको पाइयो ।

**सामाजिक**

सामाजिक विषय शिक्षण गर्ने सम्बन्धमा प्रधानाध्यापकहरुले अन्तरवार्ताको क्रममा प्रदर्शन, क्षेत्र भ्रमण, समस्या समाधान आदि विधिहरुको प्रयोग गर्ने बताएता पनि कक्षा अवलोकन र लक्षित समूह छलफलको क्रममा व्याख्यान, प्रश्नोत्तर र छलफल विधिद्धारा शिक्षण सिकाइ क्रियाकलाप गर्ने गरेको पाइयो ।

**स्वास्थ्य, जनसंख्या तथा वातावरण**

स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षण गर्ने सम्बन्धमा प्रधानाध्यापकहरुले अन्तरवार्ताको क्रममा प्रयोगात्मक, प्रदर्शन, समस्या समाधान, भूमिका अभिनय जस्ता विधिहरु प्रयोग गरिने बताए तापनि कक्षा अवलोकन र लक्षित समूह छलफलमा व्याख्यान, प्रश्नोत्तर जस्ता विधिद्धारा शिक्षण गर्ने गरेको पाइयो ।

अध्ययन गरिएका २ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको प्रतिक्रिया लगभग एउटै किसिमको रहेको पाइयो । प्रधानाध्यापकहरुले दिएको प्रतिक्रिया अनुसार सबै शिक्षकहरुले विषयवस्तुको प्रकृति अनुरुप शिक्षक केन्द्रित र विद्यार्थी केन्द्रित दुवै प्रकारका शिक्षण विधिहरु प्रयोग गर्ने गरेका छन् । कुनै कुनै बेला व्याख्यान विधिको प्रयोग गर्ने गरेको प्रतिक्रिया विद्यालयका प्रधानाध्यापकहरुले दिनु भएको थियो ।

### ४.२.४ **शैक्षिक सामग्रीको प्रयोग अवस्था**

अनुसन्धान गरिएका विद्यालयहरुमा अनिवार्य विषयहरु शिक्षण गर्ने शिक्षकहरुले प्रयोग गर्ने शैक्षिक सामग्रीहरुको अवस्था त्यति राम्रो पाइएको थिएन । विषयवस्तुलाई शिक्षण गर्न आवश्यक सामग्रीहरु विद्यालयमा नै उपलब्ध भएको पाइयो तर शिक्षकहरु आफुले निर्माण गरी थोरै मात्रामा प्रयोग गरेको पाइयो । यसरी विषयवस्तुको प्रकृति अनुरुप सामग्रीहरु प्रयोग गर्ने गरेको पाइयो ।

अंग्रेजी

छनौट गरिएका २ वटा विद्यालयका अंग्रेजी विषय शिक्षण गर्ने शिक्षकहरुले विषयवस्तु अनुसार क्यासेट प्लेयर, फोटा, चार्ट आदि प्रयोग गर्ने बताएका थिए । तर कक्षा अवलोकनका

क्रममा दैनिक प्रयोग हुने सामग्रीहरु चक, डस्टर र कालोपाटी मात्र प्रयोग गर्ने गरेको पाइयो । लक्षित समूह छलफलका क्रममा भने कहिले काँही क्यासेट प्लेयर प्रयोग गर्ने गरेको बताएका थिए ।

**नेपाली**

नेपाली विषय शिक्षण गर्ने शिक्षकहरुले अन्तरवार्ताको क्रममा विषयवस्तु अनुसार चार्ट, तस्विर प्रयोग गर्ने बताएका थिए भने कक्षा अवलोकन  र विद्यार्थी समूह छलफलका क्रममा दैनिक प्रयोग हुने सामग्रीहरु बाहेक कुनै पनि सामग्रीहरुको प्रयोग नगर्ने गरेको पाइयो ।

**गणित**

गणित विषय शिक्षण गर्ने शिक्षकहरुले अन्तरवार्ताको क्रममा चित्र, चार्ट, ज्यामिति, त्रिभुज, जस्ता सामग्रीहरु प्रयोग गर्ने बताएका थिए तर कक्षा अवलोकनको क्रममा दैनिक प्रयोग गर्ने सामग्रीहरु बाहेक अन्य सामग्री प्रयोग नगरेको पाइयो भने लक्षित समूह छलफलको क्रममा ज्यामिति प्रयोग गर्ने बताएका थिए ।

**विज्ञान**

विज्ञान विषय शिक्षण गर्ने शिक्षकहरुले अन्तरवार्ताको क्रममा चार्ट, चित्र, प्रयोगको सामग्रीहरु प्रयोग गर्ने बताएका थिए तर कक्षा अवलोकनको क्रममा चार्ट, चक, डस्टर र कालोपाटीको प्रयोग गरेको पाइयो । लक्षित समूह छलफलमा चार्टको प्रयोग गर्ने बताएका थिए ।

**सामाजिक**

सामाजिक अध्ययन विषय शिक्षण गर्ने शिक्षकहरुले अन्तरवार्ताको क्रममा विषयवस्तु अनुसार नक्सा, ग्लोब, चार्ट, तस्विर जस्ता सामग्रीहरुको प्रयोग गर्ने बताएका  थिए । तर कक्षा अवलोकनको क्रममा तस्विर, नक्सा जस्ता सामग्री मात्र प्रयोग गर्ने गरेको पाइयो । लक्षित समूह छलफलमा नक्सा, ग्लोब र तस्विरहरु प्रयोग गर्ने गरेको बताएका थिए ।

स्वास्थ्य, जनसंख्या तथा वातावरण

स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षा शिक्षण गर्ने शिक्षकहरुले अन्तरवार्ताको क्रममा पाठको प्रकृति हेरी छुट्टाछुट्टै सामग्रीहरु प्रयोग गर्ने बताएका थिए । तर कक्षा अवलोकन र लक्षित समूह छलफलमा दैनिक प्रयोग हुने सामग्रीहरु र प्रकृति अनुरुपका चित्र, चार्ट प्रयोग गर्ने गरेको पाइयो ।

नमुना छनौट गरी अनुसन्धान गरिएका विद्यालयहरुका प्रधानाध्यापकहरुले शिक्षकहरुले आफुलाई आवश्यक पर्ने शैक्षिक सामग्रीहरु निर्माण गरी प्रयोग नगर्ने कुरा बताएका थिए । अति

आवश्यक पर्ने शैक्षिक सामग्रीहरु विद्यालयले नै उपलब्ध गराउने गरेको बताएका थिए । प्रयोगशालाको लागि आवश्यक भौतिक सुविधा नभएको हुँदा विज्ञान विषयको प्रयोगशालामा लागि प्रयोगात्मक कार्यहरु नगराइने कुरा दुवै विद्यालयका प्र.अ.हरुले जानकारी दिइएको पाइयो ।

### ४.२.५ गृहकार्य

**अंग्रेजी**

विद्यालयहरुका अंग्रेजी विषय शिक्षण गर्ने शिक्षकहरुले गृहकार्य दिने र परीक्षण गर्ने गरेको प्रतिक्रिया दिएतापनि कक्षा अवलोकन र लक्षित समूह छलफलमा एउटा विद्यालयमा सधैं गृहकार्य दिने र परीक्षण गर्ने गरेको पाइए तापनि अर्को विद्यालयका शिक्षकहरुले गृहकार्य दिए तापनि परीक्षण कहिले काँही गर्ने गरेको पाइयो ।

**नेपाली**

विद्यालयका प्रधानाध्यापकहरुले नेपाली विषय शिक्षण गरेपछि गृहकार्य दिने र परीक्षण गर्ने गरेको प्रतिक्रिया दिए बमोजिम दुवै विद्यालयको कक्षा अवलोकन र लक्षित समूह छलफलमा पनि गृहकार्य दिने र परीक्षण गर्ने गरेको पाइयो ।

**गणित**

विद्यालयका गणित विषयको शिक्षण सिकाइ क्रियाकलापमा कक्षा शिक्षण पछि गृहकार्य दिने र परीक्षण गर्ने सन्दर्भमा प्र.अ.सँगको अन्तरवार्ताको क्रममा दुवै विद्यालयका शिक्षकहरुले गृहकार्य दिने र परीक्षण गर्ने प्रतिक्रिया दिएतापनि कक्षा अवलोकन र लक्षित समूह छलफलमा विद्यालयका शिक्षकले गृहकार्य दिने तर परीक्षण सधै नगर्ने गरेको पाइयो ।

**विज्ञान**

विद्यालयका प्रअहरुले विज्ञान विषयको शिक्षण पछि गृहकार्य दिने र परीक्षण गर्ने बताए पनि शिक्षकहरुको कक्षा अवलोकन र लक्षित समूह छलफलमा शिक्षकहरुले गृहकार्य दिने र परीक्षण गर्ने गरेको बताए ।

**सामाजिक**

विद्यालयका प्रअहरुले सामाजिक विषय शिक्षण गर्ने शिक्षकहरु शिक्षण पछि गृहकार्य दिने र परीक्षण गर्ने बताए पनि कक्षा अवलोकन र लक्षित समूह छलफलमा गृहकार्य दिने र परीक्षण गर्ने सम्बन्धमा एउटा विद्यालयका शिक्षकले दुवै कार्य गरेको तर अर्को विद्यालयका शिक्षकले कुनै पनि काम नगरेको बताए ।

**स्वास्थ्य, जनसंख्या तथा वातावरण**

विद्यालयका प्रअहरुले स्वास्थ्य, जनसंख्या तथा वातावरण विषय शिक्षण गर्ने शिक्षकहरुले गृहकार्य दिने र परीक्षण गर्ने सम्बन्धमा जिज्ञासा राख्दा कहिलेकाँही मात्र गृहकार्य दिने र परीक्षण गर्ने बताए तापनि कक्षा अवलोकन र लक्षित समूह छलफलमा उस्तै प्रतिक्रिया दिएको पाइयो ।

शिक्षण सिकाइ क्रियाकलाप गरिसके पछि उक्त विषयवस्तुमा अभ्यस्त गराउन गृहकार्य दिने र उनीहरुले गरेको गृहकार्यहरु परीक्षण गर्ने कार्य शिक्षकले गर्नु पर्दछ । नमूना छनौट गरिएका २ वटा विद्यालयका शिक्षकहरुले दैनिक रुपमा गृहकार्य दिने र परीक्षण गर्ने कुरा बताए तापनि कक्षा अवलोकन र लक्षित समूह छलफलबाट फरक फरक प्रतिक्रियाहरु पाइयो । एउटा विद्यालयमा दैनिक रुपमा गृहकार्य दिने र परीक्षण गर्ने गरेको पाइयो भने अर्को विद्यालयमा गृहकार्य दिए पनि परीक्षण कार्य सधै नगर्ने गरेको प्रतिक्रिया पाइयो ।

दुइटा विद्यालयका शिक्षकहरुले शिक्षण सिकाइ क्रियाकलाप गरीसके पछि उक्त विषयवस्तु अभ्यास्त गराउन गृहकार्य दिने र उनीहरुले गरेको गृहकार्यहरु परीक्षण गर्ने कार्य शिक्षकले गर्नु पर्दछ भन्ने सम्बन्धमा विषयगत अन्तरवार्ता निम्न बमोजिम पाइएको थियो ।

### ४.२.६ परीक्षा

शिक्षण सिकाइ क्रियाकलाप पश्चात विद्यार्थीहरुको वौद्धिक क्षमता परीक्षण गर्नको निमित्त उनीहरुको समयमा परीक्षाहरु लिइरहनु पर्दछ । नमूना छनौट गरी अनुसन्धान गरिएका दुइटा विद्यालयहरुका शिक्षण सिकाइ क्रियाकलाप पश्चात परीक्षा लिने सम्बन्धी प्रतिक्रिया लिइएको थियो । प्रतिक्रियाहरु प्रायः एकै किसिमको भएता पनि एउटाले एक थरीको समस्या देखाए भने अर्कोले अर्कै थरीका समस्याहरु बताएका थिए तर ती समस्याहरु तल यस प्रकार रहेका छन्

अंग्रेजी

विद्यालयका शिक्षकहरुले शिक्षण सिकाइ क्रियाकलाप पश्चात शिक्षण उपलब्धी पत्ता लगाउन परीक्षा लिने कुरा बताए तापनि कक्षा अवलोकन र लक्षित समूह छलफलबाट एउटा विद्यालयका अंग्रेजी शिक्षकले मासिक परीक्षा लिने गरेको बताएका थिए तर अर्को विद्यालयमा मासिक परीक्षा नलिने गरेको पाइयो ।

**नेपाली**

विद्यालयका शिक्षकहरुले शिक्षण सिकाइ क्रियाकलाप पश्चात शिक्षण उपलब्धी पत्ता लगाउन परीक्षा लिने कुरा बताए तापनि कक्षा अवलोकन र लक्षित समूह छलफलबाट परीक्षा नलिएको साथै सजिलो विषय भएको प्रतिक्रिया दिएको पाइयो ।

**गणित**

विद्यालयका गणित विषयका शिक्षकहरुले शिक्षण सिकाइ क्रियाकलाप पश्चात शिक्षण उपलब्धी पत्ता लगाउन परीक्षा लिने गरेको बताएका थिए तर कक्षा अवलोकन र लक्षित समूह छलफलमा एउटा विद्यालयमा मासिक परीक्षा लिने गरेको पाइयो तर अर्को विद्यालयमा कहिले काँही मात्र मासिक परीक्षा लिने गरेको पाइयो ।

**विज्ञान**

विद्यालयका विज्ञान विषयका शिक्षकहरुले शिक्षण सिकाइ क्रियाकलाप पश्चात शिक्षण उपलब्धी मापन पत्ता लगाउन मासिक परीक्षा सञ्चालन गर्ने गरेको बताएका थिए तर कक्षा अवलोकन र लक्षित समूह छलफलमा परीक्षा सञ्चालन नगरेको पाइयो ।

**सामाजिक**

विद्यालयका सामाजिक शिक्षकहरुले परीक्षा सम्बन्धी प्रतिक्रिया दिँदा दुवै विद्यालयका शिक्षकहरुले परीक्षा नलिने बताएका थिए र कक्षा अवलोकन र विद्यार्थी समूहमा पनि परीक्षा नलिने गरेको पाइयो ।

**स्वास्थ्य, जनसंख्या तथा वातावरण**

विद्यालयका स्वास्थ्य, जनसंख्या तथा वातावरण शिक्षकहरुले शिक्षण सिकाइ क्रियाकलाप पश्चात मासिक परीक्षा नलिने गरेको बताइएको थियो भने कक्षा अवलोकन र लक्षित समूह छलफलमा शिक्षकहरुले मासिक परीक्षा नलिने प्रक्रिया दिइएको पाइयो ।

नमूना छनौट गरिएका विद्यालयहरुमा परीक्षा लिने परम्परा फरक फरक रहेको पाइएको थियो । एउटा विद्यालयमा अंग्रेजी, गणित र सामाजिक विषयका शिक्षकहरुले मासिक परीक्षा लिने गरेको कुरा प्र.अ.ले बताएका थिए भने अन्य विषयहरुको परीक्षा मासिक रुपमा नलिने कुराको जानकारी दिएको थियो । त्यसै गरी अर्को विद्यालयमा चाँही विद्यालयहरुले वार्षिक कार्य पात्रो अनुसार लिने त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षा बाहेक अन्य परीक्षा नलिने कुरा बताएको थिए । निर्माणात्मक परीक्षाबाट विद्यार्थीहरुको कमीकमजोरी पहिचान गरी सुधारका निम्ति आवश्यक सुझावहरु प्रदान गर्न सञ्चालन गरिने परीक्षामा एउटा विद्यालयमा बढी जोड

दिइएको थियो भने निर्माणात्मक परीक्षा सञ्चालन गरी विद्यार्थीहरुको कमीकमजोरी सुधार गर्नमा अर्को विद्यालयले परीक्षा सञ्चालन नगरेको पाइयो ।

शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक तथा विद्यार्थीहरुको प्रतिक्रिया

२ वटा विद्यालयहरुका अनिवार्य विषय शिक्षण गर्ने शिक्षकहरुसँग लिइएको अन्तरवार्ताको क्रममा प्रयोग गर्ने विधि र कक्षा अवलोकनमा शिक्षकले प्रयोग गरेका विधिहरुको निष्कर्षलाई निम्न तालिकामा देखाइएको छ ।

तालिका नं. ४.३

शिक्षकहरुले शिक्षण सिकाइको क्रममा प्रयोग गर्ने विधिहरु

| विषयहरु | सेतीदेवी मा.विद्यालय | | कालीका मा.विद्यालय | |
|---|---|---|---|---|
| | अन्तरवार्ता | अवलोकन | अन्तरवार्ता | अवलोकन |
| अंग्रेजी | प्रदर्शन, व्याख्यान, छलफल, प्रश्नोत्तर | व्याख्यान, छलफल,प्रश्नोत्तर | प्रदर्शन, व्याख्यान, समस्या समाधान, प्रश्नोत्तर | व्याख्यान, छलफल, प्रश्नोत्तर |
| नेपाली | प्रदर्शन, व्याख्यान, कथावाचन | व्याख्यान, छलफल,कथावाचन प्रश्नोत्तर | व्याख्यान, छलफल, अभिनय, प्रश्नोत्तर | व्याख्यान, छलफल, प्रश्नोत्तर |
| गणित | प्रस्नोत्तर, प्रयोगात्मक,समस्या समाधान | छलफल, प्रश्नोत्तर, समस्या समाधान | आगमन , खोज, प्रदर्शन, प्रयोगात्मक | व्याख्यान, छलफल, प्रश्नोत्तर |
| विज्ञान | प्रयोगात्मक, खोज, प्रदर्शन | व्याख्यान, प्रश्नोत्तर | व्याख्यान, प्रदर्शन, प्रयोगात्मक | व्याख्यान, छलफल, प्रश्नोत्तर |
| सामाजिक | प्रर्दशन, क्षेत्र भ्रमण, प्रश्नोत्तर | छलफल, प्रश्नोत्तर, व्याख्यान | व्याख्यान, प्रदर्शन, प्रश्नोत्तर | व्याख्यान, छलफल, प्रश्नोत्तर |
| स्वास्थ्य, जनसंख्या तथा वातावरण | प्रयोगात्मक, प्रदर्शन, समस्या समाधान | प्रश्नोत्तर, व्याख्यान | अभिनय, प्रदर्शन, प्रश्नोत्तर | व्याख्यान, छलफल |

**अंग्रेजी**

यसरी तालिकाको विश्लेषण गर्दा)अध्ययन गरिएका विद्यालयका अंग्रेजी विषय शिक्षण गर्ने शिक्षकहरुले अंग्रेजी विषय शिक्षण गर्नका लागि आवश्यक प्रदर्शन विधि, भूमिका अभिनय विधि, समस्या समाधान विधि, प्रयोगात्मक विधिहरुको प्रयोग गरेको पाइएन । अध्ययन गरिएका विद्यालयका अंग्रेजी विषय शिक्षण गर्ने शिक्षकहरु सबैले व्याख्यान विधि, छलफल विधि र प्रश्नोत्तर विधि मात्र प्रयोग गर्ने गरेको पाइयो ।

**नेपाली**

अध्ययन गरिएका विद्यालयहरुका नेपाली विषय शिक्षण गर्ने दुवै जना शिक्षकहरुले व्याख्यान, छलफल, प्रश्नोत्तर विधि प्रयोग गर्ने गरेको पाइयो । अन्तरवार्ताको क्रममा शिक्षकहरुले प्रदर्शन, कथावाचन, भूमिका अभिनय विधि जस्ता विधिहरु प्रयोग गर्ने बताएका थिए तर कक्षा अवलोकन र विद्यार्थी समूह छलफलको क्रममा उपयुक्त विधिहरु प्रयोग गरेको पाइएन ।

**गणित**

त्यसैगरी गणित शिक्षण गर्ने शिक्षकहरुले बढी मात्रामा छलफल र प्रश्नोत्तर विधिहरुलाई बढी जोड दिएको पाइयो भने एउटा विद्यालयका शिक्षकहरुले समस्या समाधान विधि पनि प्रयोग गरेको पाइयो ।

**विज्ञान**

विज्ञान विषय शिक्षण गर्ने शिक्षकहरुले अन्तरवार्ताको क्रममा प्रयोगात्मक, खोज, अन्वेषण, प्रदर्शन विधि जस्ता विधिहरु प्रयोग गर्ने बताएता पनि कक्षा अवलोकन र विद्यार्थी समूह छलफलमा शिक्षकहरुले व्याख्यान र प्रश्नोत्तर विधिलाई बढी जोड दिने गरेको पाइयो ।

**सामाजिक अध्ययन**

सामाजिक विषय शिक्षण गर्ने शिक्षकहरुले अन्तरवार्ताको क्रममा प्रदर्शन, क्षेत्र भ्रमण, समस्या समाधान जस्ता विधिहरु प्रयोग गर्ने बताए तापनि कक्षा अवलोकन र विद्यार्थी समूह छलफलको क्रममा व्याख्यान, प्रश्नोत्तर र छलफल विधिलाई जोड दिने गरेको पाइयो ।

**स्वास्थ्य, जनसंख्या तथा वातावरण**

स्वास्थ्य, जनसंख्या तथा वातावरण विषयको शिक्षण गर्ने शिक्षकहरुले अन्तरवार्ताको क्रममा प्रयोगात्मक, प्रदर्शन, समस्या समाधान र भूमिका अभिनय जस्ता विधिहरु प्रयोग गरिने बताए तापनि कक्षा अवलोकन र विद्यार्थी समूह छलफलको क्रममा व्याख्यान, प्रश्नोत्तर र छलफल विधिलाई बढी जोड दिने गरेको पाइयो ।

### ४.३ शिक्षण सिकाइ क्रियाकलाप प्रतिको दृष्टिकोण

नमूना छनौट गरी अनुसन्धान गरिएका २ वटा विद्यालयका प्र.अ. , शिक्षक तथा विद्यार्थीहरु समक्ष वर्तमान अवस्थामा भइरहेको शिक्षण सिकाइ क्रियाकलाप प्रतिको दृष्टिकोण सम्बन्धमा प्रतिक्रिया लिइएको थियो । प्रतिक्रियाहरु प्रायः एकै किसिमको भए तापनि एउटाले एक थरिको समस्या देखाए भने अर्कोले अर्कै थरीका समस्या बताएका थिए । ती समस्यहरु तल उल्लेख गरिएको छ ।

#### ४.३.१ प्र.अ.को विषय शिक्षण प्रतिको प्रतिक्रिया

नमूना छनौट गरी अध्ययन अनुसन्धान गरिएका २ वटा विद्यालयका प्रधानाध्यापकहरुले उद्देश्य नं. ३ अनुसार शिक्षण सिकाई क्रियाकलापप्रति शिक्षक तथा विद्यार्थीको धारणा पहिचान गर्नु सम्बन्धमा माध्यमिक तहका अनिवार्य विषयहरु शिक्षण गर्ने अधिकांश शिक्षकहरु शिक्षा संकायबाट आएका थिए र थोरै शिक्षकहरु अन्य संकायबाट आएता पनि शिक्षा सम्बन्धि १० महिने तालिम लिएका प्रतिक्रिया प्राप्त भएको थियो । एउटा विद्यालयमा ३ वर्षदेखि ३२ वर्ष सम्मका अनुभवहरु प्राप्त गरेका शिक्षकहरुबाट अध्यापन गरिरहेकोले शिक्षण सिकाइ क्रियाकलाप राम्रै भएको छ भन्ने प्रतिक्रिया प्राप्त भएको थियो । अर्को विद्यालयका सबै शिक्षकहरु स्नातक तह पूरा गरेका भएकाले शिक्षण सिकाइ क्रियाकलाप राम्रै तरिकाबाट चलिरहेको कुरा त्यस विद्यालयका प्र.अ.हरुले प्रतिक्रिया दिनुभएको थियो ।

**अंग्रेजी**

विद्यालयहरुका अंग्रेजी विषय शिक्षण गर्ने शिक्षकहरु शिक्षा संकायबाट आएका र विभिन्न तालिम लिएका साथै ३ वर्ष देखि ५ वर्षको अनुभव प्राप्त गरेको र शिक्षण सिकाई क्रियाकलापबाट विद्यार्थीहरु सन्तुष्ट भएको प्रतिक्रिया दिएको पाइयो ।

**नेपाली**

विद्यालयहरुका नेपाली विषय शिक्षण गर्ने शिक्षकहरुले दृष्टिकोण चर्चा गर्नु पर्दा प्रधानाध्यापकले छलफल, कथा, कविता, वक्तृत्वकला, वादविवाद जस्ता कार्यहरु गरिदै शिक्षण गरेकोले सिकाई प्रभावकारी भएको प्रतिक्रिया दिएका थिए ।

**गणित**

गणित विषय शिक्षण गर्ने शिक्षकहरु पाठ अनुसार शैक्षिक सामग्रीको प्रयोग, छलफल विधिको प्रयोग, विद्यार्थीहरुलाई गृहकार्य दिने र परीक्षण गर्ने गरेको, मासिक परीक्षा लिई मूल्याङ्कन गरी शिक्षण सिकाई क्रियाकलाप गरेको पाइयो ।

**विज्ञान**

विज्ञान विषयको सम्बन्धमा दुवै विद्यालयका प्रअको प्रतिक्रिया चर्चा गर्नु पर्दा प्रयोगशालाको अभाव, इमेल, इन्टरनेटको अभाव, शैक्षिक सामग्रीको पूर्ण व्यवस्था नभए तापनि विशिष्टिकरण विषय अनुसार शिक्षक भएकोले शिक्षण सिकाइ क्रियाकलाप सन्तोषजनक रहेको प्रतिक्रिया दिएका थिए ।

**सामाजिक**

सामाजिक अध्ययन विषयको शिक्षण सिकाइ क्रियाकलाप प्रति प्रधानाध्यापकको दृष्टिकोणमा शैक्षिक भ्रमणको अभाव, शैक्षिक सामग्रीको पर्याप्तता, विभिन्न विधिहरुको प्रयोग, लामो अनुभव प्राप्त गरी शिक्षण गरिरहेको हुनाले शिक्षण सिकाइ क्रियाकलापबाट आफु सन्तुष्ट रहेको प्रतिक्रिया दिएका थिए ।

**स्वास्थ्य, जनसंख्या तथा वातावरण**

यस सम्बन्धमा प्रतिक्रिया दिँदा शिक्षकहरु अनुभव प्राप्त, विषयवस्तुसँग मेल खाने शैक्षिक सामग्रीहरुको प्रयोग, सजिलो विषय भएको, सबै विद्यार्थीहरु थोरै मेहनत गरी पास गर्न सक्ने प्रतिक्रिया प्रधानाध्यापकले राखेका थिए ।

### ४.३.२ शिक्षकहरुको विषय शिक्षण प्रतिको दृष्टिकोण

अध्ययन अनुसन्धान गरिएका २ वटा विद्यालयका अनिवार्य विषयहरु शिक्षण गर्ने १२ जना शिक्षकहरुसँग अन्तरवार्ताको क्रममा सबै शिक्षकहरु शिक्षण पेशाप्रति सन्तुष्ट रहेको प्रतिक्रिया प्राप्त भएको थियो । अधिकांश शिक्षकहरु शिक्षा क्षेत्रबाट नै आएका हुनाले वहाँहरुले कसैले आफ्नो रुचिको पेशा, कसैले आफ्नो मूख्य पेशा, कसैले आफ्नो रोजिरोटीको पेशा भएकाले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गराउँदै आइरहेको बताउनु भएको थियो । अध्ययन अनुसन्धानको क्रममा छोटो र लामो समयदेखि शिक्षण गर्दै आइरहेका शिक्षकहरुसँग प्रतिक्रिया लिइएको थियो । लामो अनुभव प्राप्त शिक्षकहरु थोरै मेहनत गरिन्थ्यो भने छोटो अनुभव प्राप्त शिक्षकहरु बढी मेहनत गर्ने गर्दथे । आफ्नो शिक्षण कार्यबाट केही शिक्षकहरु खुशी व्यक्त गर्दथ्यो भने केही विद्यार्थीहरु आफ्नै स्कूलका सहकर्मी साथी भएका कुरा सुनाउने गर्दथ्यो । शिक्षा दिनु भनेको बालबालिकाको जीवनमा उज्यालो घाम छर्नु हो । शिक्षाको माध्यमबाट जनचेतना जगाइ मानव हितका कार्यहरु प्रति सचेत गराउनु नै अवसर शिक्षण पेशाबाट पाएकोमा आफुहरु सन्तुष्ट रहेको धारणा पाइएको थियो ।

विद्यालयका शिक्षकहरु शिक्षण सिकाइ क्रियाकलाप विद्यार्थीको रुचि, चाहना, इच्छा र क्षमता अनुरुप शिक्षण गरी प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप गर्न चाहेको प्रतिक्रिया दिएको थियो । अध्ययन अनुसन्धानको क्रममा एउटा विद्यालयमा शिक्षकहरु एक महिना शिक्षण पछि परीक्षा लिने, कार्य गरेको पाइयो । जस अनुसार मूल्याङ्कन प्रणाली राम्रो भएको पाइयो । तर अर्को विद्यालयका शिक्षकहरुमा यी परीक्षा र मूल्याङ्कन प्रणाली त्यति प्रभावकारी नभएको पाइयो ।

**अंग्रेजी**

विद्यालयहरुका अंग्रेजी विषय शिक्षण गर्ने शिक्षकहरुले सामुदायिक विद्यालयमा एउटा अंग्रेजी मात्र पढाइ हुने हुनाले विद्यार्थीहरुलाई बुझ्न र बुझाउन गाह्रो हुने, मूल्याङ्कन कार्य प्रभावकारी नहुने, विद्यालयमा शिक्षण सामग्री पूरा नहुनु, विद्यार्थीहरु सिकाइ प्रति सक्रिय नहुनु हुनाले शिक्षण सिकाइ प्रति धेरै सन्तुष्ट नरहेको पाइयो ।

**नेपाली**

नेपाली विषय शिक्षण गर्ने शिक्षकहरुले विद्यार्थी संख्या धेरै भएको कारण विद्यार्थी केन्द्रित शिक्षण विधि द्वारा शिक्षण कार्य गर्न नसक्नु, सजिलो विषय भनेर सिकाइ क्रियाकलापमा सहभागी नहुनु, शैक्षिक सामग्री पूर्ण नहुनु आदिका कारण शिक्षण गर्ने शिक्षक पूर्ण सन्तुष्ट नभएको पाइयो ।

**गणित**

गणित विषय शिक्षण गर्ने शिक्षकहरुले विद्यार्थी संख्या धेरै भएको कारण विद्यार्थी केन्द्रित विधिको प्रयोगमा  समस्या, शैक्षिक सामग्रीको अभाव, मनोवैज्ञानिक रुपमा गणित विषय गाह्रो, गणित पढाइमा धेरै समय नदिनु आदि कारण शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुन नसको कारण आफुहरु पूर्ण सन्तुष्ट नभएको कुरा बताएका थिए ।

**विज्ञान**

विज्ञान विषय शिक्षण गर्ने शिक्षकहरुले विद्यार्थी संख्या धेरै भएकोले विद्यार्थी केन्द्रित विधि प्रयोगमा कठिनाइ, प्रयोगशालाको अभाव, शैक्षिक सामग्रीको कमी, घर परिवार र विद्यालयमा शैक्षिक वातावरणको कमी,अभिभावकहरु छोराछोरीको पढाइमा ध्यान कमी जस्ता कारण शिक्षण सिकाइ क्रियाकलाप प्रति पूर्ण सन्तुष्ट नभएको बताएका थिए ।

**सामाजिक**

सामाजिक अध्ययन विषय शिक्षण गर्ने शिक्षकहरुले यो एउटा बहुविषयक विषय वस्तु भएकोले सबै विषयको ज्ञान शिक्षकमा नहुँदा समस्या हुने गरेको प्रर्याप्त शैक्षिक सामग्रीको अभाव, विद्यार्थी केन्द्रित विधिमा आधारित भई शिक्षण गर्न कठिनाइ जस्ता प्रतिक्रियाबाट पूर्ण सन्तुष्ट नभएको बताएका थिए ।

**स्वास्थ्य, जनसंख्या तथा वातावरण**

स्वास्थ्य, जनसंख्या तथा वातावरण विषय शिक्षण गर्ने शिक्षकहरुले विद्यार्थी संख्या धेरै हुनु, विद्यार्थी केन्द्रित विधिद्धारा शिक्षण सिकाई क्रियाकलापमा समय धेरै खर्च हुनु, विद्यालयमा विषयवस्तुको प्रकृति अनुसार शैक्षिक सामग्रीको अभाव, सजिलको विषय भएको कारण थोरै मिहनेत गरेपछि पास हुने मानसिकता विकास भएको कारण आफुहरु सन्तुष्ट नभएको प्रतिक्रिया दिएका थिए ।

**४.३.३ विद्यार्थीहरुको विषय शिक्षण प्रतिको दृष्टिकोण**

अध्ययन अनुसन्धान गरिएका २ वटा विद्यालयका विद्यार्थीहरुले शिक्षण सिकाई क्रियाकलापको क्रममा शिक्षकहरुले विद्यार्थीको भविष्य उज्वल होस् जस्ता अनेकौं नीति, निर्देशन, अर्ति, ज्ञान दिनुका साथै क्षमता अभिवृद्धि गर्न विभिन्न क्रियाकलाप गराउने, शिक्षण सिकाइ क्रियाकलाप मात्र दैनिक जीवनमा आइपर्ने समस्याहर सरल, सहज र वैज्ञानिक ढंगबाट निराकरण गर्ने गराउने प्रतिक्रिया दिएका थिए ।

**अंग्रेजी**

अंग्रेजी विषयको शिक्षण सिकाइ क्रियाकलापप्रति विद्यार्थीको दृष्टिकोणको चर्चा गर्नुपर्दा शिक्षकहरु शैक्षिक सामग्रीको प्रयोगमा कमी, व्याख्यान विधि द्धारा शिक्षण गर्ने, अंग्रेजी भाषाको प्रयोग कम र नेपालीको प्रयोग बढी भएको हुनाले शिक्षणमा गाह्रो महसुस भएको विद्यार्थीहरुले बताएका थिए । शिक्षण पछि मूल्याङ्कन गरी तुरुन्तै पृष्ठपोषण दिनाले शिक्षणमा थप सुधार गर्न सकिन्छ भने प्रतिक्रिया दिएका थिए ।

**नेपाली**

नेपाली विषयको शिक्षण सिकाइ क्रियाकलाप प्रति विद्यार्थीहरुको दृष्टिकोण उल्लेख गर्दा विद्यार्थीहरुले प्रश्नोत्तर, छलफल, प्रदर्शन विधि द्धारा पाठ पढाउनु, पाठ अनुसार शैक्षिक सामग्रीको प्रयोग गर्नु विद्यालयमा अतिरिक्त क्रियाकलाप जस्तैः नाटक, वादविवाद, हाजिरी जवाफ प्रतियोगिता, वक्तृत्वकला जस्ता कार्यक्रम सञ्चालन गरिनु पर्ने प्रतिक्रिया दिएका थिए ।

**गणित**

गणित विषयको शिक्षण सिकाइ क्रियाकलाप प्रति विद्यार्थीहरुको दृष्टिकोणमा शैक्षिक सामग्रीको प्रयोग कम, व्याख्यान, छलफल, प्रश्नोत्तर विधिद्वारा शिक्षण गर्ने गरेको, आफु खुशी गृहकार्य दिने र हेर्ने गरेको प्रति उनीहरु सन्तुष्ट नभएको बताए । यसरी पाठ अनुसार शैक्षिक सामग्रीहरुको प्रयोग, जान्ने र नजान्ने विद्यार्थीको मूल्याङ्कन गरी शिक्षण गरेमा अतिरिक्त क्रियाकलाप मार्फत लगातार मूल्याङ्कन गरी शिक्षण गरेमा सिकाइ प्रक्रिया राम्रो हुने बताएका थिए ।

**विज्ञान**

विज्ञान विषयको शिक्षण सिकाइ क्रियाकलाप प्रति विद्यार्थीहरुको दृष्टिकोणमा विज्ञान जस्तो विषयमा प्रयोगशालाको अभाव, शैक्षिक सामग्रीको अभाव र शिक्षकहरु आफु खुशी गृहकार्य दिने र परीक्षण गर्ने काम गरेकोमा विद्यार्थीहरु सन्तुष्ट नभएको प्रतिक्रिया दिएका थिए । यसरी पाठ अनुसार शैक्षिक सामग्रीको प्रयोग, विद्यार्थी केन्द्रित विधिको प्रयोग, प्रयोगशाला, ल्याब, कम्प्युटर आदिको माध्यमबाट शिक्षण गर्ने र सामग्रीको प्रयोग गरी मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गरी शिक्षण गर्नु पर्ने दृष्टिकोण विद्यार्थीहरुको थियो ।

**सामाजिक**

सामाजिक अध्ययन विषयको शिक्षण सिकाइ क्रियाकलाप प्रति विद्यार्थीको दृष्टिकोणमा पाठअनुसार शैक्षिक सामग्रीको प्रयोग नहुनु, व्याख्यान र प्रश्नोत्तर विधि मात्र प्रयोग गरी शिक्षण गर्ने, परीक्षालाई मूल्याङ्कनको रुपमा प्रयोग गर्नाले शिक्षण सिकाइ क्रियाकलाप राम्रो नभएको प्रतिक्रिया दिएको पाइयो । यसरी पाठको प्रकृति अनुसार शैक्षिक सामग्रीको प्रयोग, खेल, अभिनय, प्रदर्शन, समस्या समाधान विधिको प्रयोग, शिक्षण पछि मूल्याङ्कन र पृष्ठपोषण प्रदान गरेमा शिक्षणमा नयाँपन ल्याउन सकिने विचार व्यक्त गरेका थिए ।

**स्वास्थ्य, जनसंख्या तथा वातावरण**

स्वास्थ्य, जनसंख्या तथा वातावरण विषयको शिक्षण सिकाइ क्रियाकलाप प्रति विद्यार्थीहरुको दृष्टिकोणमा व्याख्यान र छलफल विधिद्वारा शिक्षण गर्ने, शैक्षिक सामग्रीको प्रयोगमा कमी, शिक्षक र विद्यार्थी दुवैमा यो विषय सजिलो हुनु, थोरै समय दिई पास हुन सक्ने जस्ता मानसिकता विकास भएकोले यस विषयको शिक्षण सिकाइ क्रियाकलापप्रति सन्तुष्ट नभएको बताएका थिए । जसको लागि विषयवस्तु अनुसारको शैक्षिक सामग्रीको प्रयोग, शिक्षण विधि, निरन्तर मूल्याङ्कन र पृष्टपोषण प्रदान गरी शिक्षण गरेमा सिकाइ प्रभावकारी हुने विचार व्यक्त गरेका थिए ।

# अध्याय-पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१ अध्ययनको प्राप्ति

यस अध्ययनमा नुवाकोट जिल्ला तुप्चे श्रोत केन्द्र अन्तर्गत गेर्खु गाविसका २ वटा सामुदायिक विद्यालयलाई छनोट गरिएको थियो । ती नमूना छनोटमा परेका विद्यालय अध्ययन अनुसन्धानको क्रममा १२ जना अनिवार्य विषय शिक्षक र ३० जना विद्यार्थीहरुलाई छनोट गरिएको थियो । अध्ययन क्षेत्रका विद्यालयहरुको अध्ययन र प्राप्त सूचनाको विश्लेषण र व्याख्या गर्ने क्रममा अध्ययनकर्ताले निम्न अनुसार तथ्यहरु प्राप्त गरेका थिए :

**शिक्षकको पृष्ठभूमी**

- अध्ययन गरिएका विद्यालयहरुमा अनिवार्य विषय शिक्षण गर्ने शिक्षकहरु सबै तालिम प्राप्त नै भेटिएका थिए । शिक्षा संकाय बाहेक अन्य संकायबाट आएका शिक्षकहरु १० महिने शिक्षक तालिम लिइएको पाइयो ।
- अनिवार्य विषय शिक्षण गर्ने सबै शिक्षकहरु स्नातक तह पूरा गरीसकेको पाइयो ।
- विद्यालयमा शिक्षण गर्ने शिक्षकहरु सबै भन्दा कम २ वर्ष अनुभव प्राप्त गरेका थिए भने सबै भन्दा बढी ३२ वर्ष अनुभव प्राप्त गरेको पाइयो ।
- विद्यालयमा स्थायी ४ जना र अस्थायी ८ जना रहेको पाइयो ।
- विद्यालयमा अनिवार्य विषय पढाउने महिला शिक्षिका संख्या ४ रहेको पाइयो ।
- विद्यालयमा अनिवार्य विषय पढाउने शिक्षकहरु मध्ये शिक्षा संकायबाट ७ जना, विज्ञान संकायबाट १ जना, वाणिज्य संकायबाट १ जना र मानविकी संकायबाट ३ जना रहेको पाइयो ।
- विद्यालयमा अनिवार्य विषय पढाउने शिक्षकहरुको विशिष्टिकरण गरेको विषयमा जम्मा ७ जनाले शिक्षण गरेको पाइयो भने अन्य ५ जना अनुभवको आधारमा अरु विषय अध्यापन गरेको पाइयो ।

**शिक्षण विधि र शिक्षण सिकाइ क्रियाकलाप**

- अनिवार्य विषयका शिक्षकहरुले शिक्षण गर्दा एक मात्र विषय अध्यापन नगरी विभिन्न विषयको शिक्षण अनुभव संगालेको पाइयो ।
- अध्ययन क्षेत्रका ५० प्रतिशत शिक्षकले पूर्वतयारी बिना नै कक्षामा प्रवेश गर्ने गरेको देखियो ।

- विद्यालयमा पर्याप्त शैक्षिक सामग्रीको परिपूर्ति नभएता पनि सबै विद्यालयमा आधारभूत शैक्षिक सामग्रीहरुको उपलब्धता देखियो ।
- अध्ययन क्षेत्रका कुनै पनि विद्यालयमा विषय शिक्षकले पाठयोजना निर्माण गरी शिक्षण नगरेको पाइयो ।
- अनिवार्य विषयको पाठ्यक्रम र शिक्षक निर्देशिकाको सम्बन्धमा सामुदायिक विद्यालयका सबै शिक्षकहरुलाई जानकारी रहेको पाइयो ।
- अध्ययन गरिएका विद्यालयहरुमा शैक्षिक सामग्रीहरुको प्रयोगको अवस्था कमजोर रहेको पाइयो ।
- शिक्षकले विद्यालयमा उपलब्ध हुने शैक्षिक सामग्री बाहेक अन्य निर्माण कार्य आफैले नगर्ने र विद्यालयमा पनि शैक्षिक सामग्रीको अवस्था सन्तोषजनक नरहेको पाइयो ।
- अनिवार्य विषयहरुको शिक्षणमा समस्या देखा परेमा सामुहिक छलफल गर्ने गरेको पाइयो ।
- कक्षा कोठा सफा गरी बेञ्चहरु मिलाएर राख्नुको साथै जान्ने नजान्ने विद्यार्थीहरु मिलाएर राख्ने गरेको पाइयो ।
- शिक्षकहरुले अधिकांश रुपमा व्याख्यान विधि प्रयोग गरी शिक्षण गरेको पाइयो ।
- विद्यार्थी मूल्याङ्कनका विभिन्न माध्यम भएतापनि स्तर वृद्धिमा मासिक परीक्षा लिई पृष्टपोषण दिनुको साथै वार्षिक परीक्षा प्रणालीलाई आधार मानिएको पाइयो ।
- अध्ययनको क्रममा प्रायःजसो शिक्षकहरु प्रवचन, छलफल र प्रश्नोत्तर विधिको प्रयोग गरी शिक्षण गरेको पाइयो ।
- माध्यमिक तहमा शिक्षण गर्ने अनिवार्य विषयका शिक्षकहरुले नयाँ नयाँ विषय वस्तु खोजी गरी शिक्षण नगरेको पाइयो ।
- विद्यालयमा दैनिक रुपमा गृहकार्य र परीक्षण कार्य गरेको पाइएतापनि एउटा विद्यालयमा गृहकार्य दिएता पनि परीक्षण कहिले काँही मात्र गर्ने गरेको पाइयो ।
- शिक्षणका साथै विभिन्न अतिरिक्त क्रियाकलापद्धारा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन नगरेको पाइयो ।

**शिक्षण सिकाइ क्रियाकलाप प्रति शिक्षक तथा विद्यार्थीको दृष्टिकोण**

- विद्यालयका प्रधानाध्यापकहरुबाट शिक्षण सिकाइ क्रियाकलाप राम्रो भएको पाइयो । साथै शैक्षिक सामग्रीको प्रयोग कम भएको जानकारी प्राप्त भएको थियो ।
- विद्यालयका शिक्षकहरु आफ्नो रुचि भएर शिक्षण गरिरहेकोले शिक्षण पेशाप्रति सन्तुष्ट रहेको प्रतिक्रिया प्राप्त भएको थियो ।
- विद्यालयका विद्यार्थीहरु शिक्षण सिकाइ क्रियाकलापप्रति सकारात्मक दृष्टिकोण राखेका थिए । मूल्याङ्कन प्रणाली अझैं राम्रो भए शिक्षण सिकाइ क्रियाकलाप अझ राम्रो हुने विचार प्राप्त भएको थियो ।

**५.२ निष्कर्ष**

माध्यमिक तहमा अनिवार्य विषयको शिक्षण सिकाइ क्रियाकलापको अवस्था अध्ययन गर्न नुवाकोट जिल्ला गेर्खु गाविसका २ वटा सामुदायिक विद्यालयहरुको स्थलगत भ्रमण गरी निर्माण गरिएको अध्ययन सामग्रीहरुको प्रयोग गरी आवश्यक तथ्याङ्क संकलन गरी निम्न अनुसारका निष्कर्ष निकालिएको थियो ।

माध्यमिक तहमा शिक्षण गर्ने शिक्षकहरु स्नातक तह उत्तीर्ण गरी शिक्षण गर्न थालेका हुन्छन् । माध्यमिक तहमा लामो अनुभव संगालेका शिक्षकहरु कार्यरत हुन्छन् । माध्यमिक तहमा कतै स्थायी शिक्षकहरु बढी हुन्छन् भने कतै अस्थायीहरुको संख्या बढी हुन्छन् । कतै स्थायी र अस्थायीको संख्या बराबर हुन्छ । यसरी माध्यमिक तहमा मिश्रित प्रकारका शिक्षकहरुले शिक्षण गर्ने गरेको निष्कर्ष निकाल्न सकिन्छ । सामुदायिक विद्यालयमा शिक्षकहरु दैनिक पाठयोजना लिखित रुपमा नबनाई मानसिक रुपमा योजना बनाउने गरेको पाइन्छ । लामो समयको अनुभव प्राप्त शिक्षकहरु सामान्य अध्ययन गरी विषयवस्तु शिक्षण गर्न जान्छन् भने छोटो समयको अनुभव संगालेका शिक्षकहरु गहिरो अध्ययन गरी शिक्षण गर्न जान्छन् । सामुदायिक माध्यमिक विद्यालयमा शैक्षिक सामग्रीहरुको अभाव देखिएता पनि शिक्षकहरुद्धारा नयाँ नयाँ सामग्रीहरुको निर्माण पनि गर्दैनन् । देश, काल र परिस्थिति सुहाउँदो नयाँ नयाँ विषयवस्तुहरु खोजी शिक्षण गर्ने कार्य पनि गर्दैनन् । विषयवस्तुमा समस्या देखा परेको बेला शिक्षकहरु सामुहिक छलफल गरी समस्या समाधान गर्ने गर्दछन् ।

सामुदायिक माध्यमिक विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापमा बढी मात्रामा प्रश्नोत्तर र प्रवचन विधि लोकप्रिय भएको पाइन्छ । कक्षा कोठाको सरसफाई गर्न विद्यार्थीहरुलाई लगाइन्छन् । साना-ठूला, जान्ने-नजान्ने विद्यार्थीहरु मिलाएर राखेको हुन्छ । कुनै विद्यालयमा गृहकार्य दिने र परीक्षण गर्ने कार्य दिनदिनै हुन्छ भने कुनै विद्यालयमा गृहकार्य दिए पनि परीक्षण

कार्य कहिले काँही हुने गरिन्छ । कुनै विद्यालयमा विद्यालयको वार्षिक कार्यपात्रो भन्दा मासिक रुपमा परीक्षा  लिई मूल्याङ्कन गर्ने गर्दछन् भने कुनै विद्यालयमा केवल त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षा लिई मूल्याङ्कन गरिन्छ । खास गरी शिक्षण पेशामा मुख्य समस्या नै शैक्षिक सामग्री पर्याप्त मात्रामा नहुनु हो । जुन प्रायः दुवै विद्यालयमा अभाव नै देखिन्छ ।

माध्यमिक तहका अनिवार्य विषयहरु शिक्षण गर्ने शिक्षकहरु आफ्नो  पेशाप्रति पूर्ण रुपमा सन्तुष्ट रहेको पाइन्छ । शिक्षक र  विद्यार्थीहरु बीच सुमधुर सम्बन्ध कायम रहेको पाइन्छ । शिक्षण सिकाइको क्रममा विद्यार्थीहरुले राखेको जिज्ञासा माथि विचार गरी दुई तीन चोटी दोहोऱ्याई शिक्षण गरेको पाइन्छ । माध्यमिक तहमा अनिवार्य विषय शिक्षण गर्ने शिक्षकहरुको शिक्षण सिकाइ क्रियाकलापप्रति विद्यार्थीहरुको सकरात्मक धारणा रहेको पाउन सकिन्छ । विद्यालयमा सञ्चालित अतिरिक्त क्रियाकलापको माध्यमद्धारा विद्यार्थीहरुमा अनुशासनको पूर्ण पालना नगरेको पाउन सकिन्छ ।

**५.३ सुझावहरु**

माध्यमिक तहमा अनिवार्य विषयको शिक्षण सिकाइ क्रियाकलापहरुमा केन्द्रित भई अनुसन्धानकर्ताले अनुसन्धानबाट प्राप्त गरेका उपलव्धीहरुलाई केलाई शिक्षण सिकाइ क्रियाकलापमा निम्न लिखित सुझावहरु प्रस्तुत गर्न सकिन्छ :

- माध्यमिक तहका अनिवार्य विषयहरु शिक्षण गर्ने क्रममा शिक्षण सामग्रीहरुको पर्याप्त मात्रामा व्यवस्था गरिनु पर्दछ ।
- माध्यमिक तहमा अध्यापन गर्ने शिक्षकहरु स्नातक तह उत्तीर्ण गरेको हुनु पर्छ ।
- शिक्षण सिकाई क्रियाकलापको अवस्थामा योगदान दिने तत्वहरुलाई विशेष महत्व दिँदै अध्ययन क्षेत्रका  विद्यालयले आगामी शैक्षिक सुधारका योजना बनाउनु पर्छ ।
- माध्यमिक तहमा तालिम प्राप्त, दक्ष, योग्य तथा अनुभवी शिक्षकहरुलाई मात्र शिक्षण गर्न अनुमति दिनु पर्छ ।
- शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन पूर्व शिक्षकहरुले सम्बन्धित विषयवस्तुको गहिरो अध्ययन गरेपछि मात्र कक्षा कोठामा प्रवेश गर्नु पर्छ ।
- शिक्षण सिकाई क्रियाकलापको अभिन्न अंग पाठयोजनाको निर्माणमा सम्बन्धित विद्यालयको प्र.अ., श्रोत केन्द्र र जिल्ला शिक्षा कार्यालयले गम्भिरतापूर्वक अनुगमन गर्नु पर्दछ ।
- विद्यालयमा उपलव्ध हुने शैक्षिक सामग्रीहरु बाहेक शिक्षकहरुले आफै खोजी गरी शिक्षण गर्नु पर्छ ।

- विद्यालयमा भौतिक सुविधा, दक्ष शिक्षक, नियमित कक्षा सञ्चालन, पर्याप्त शैक्षिक सामग्री, अतिरिक्त क्रियाकलाप आदि नियमित रुपमा सञ्चालन गरिनु पर्दछ ।
- माध्यमिक तहका अनिवार्य विषयहरुमा समेत प्रयोगात्मक परीक्षाको व्यवस्था गरी विभिन्न क्षेत्रमा अंक प्रदान गर्ने व्यवस्था गरिनु पर्दछ ।
- शिक्षकहरुले दैनिक रुपमा गृहकार्य दिने र परीक्षण गर्ने गरिनु पर्दछ ।
- विद्यार्थीहरुमा निर्माणात्मक परीक्षामा जोड दिई उनीहरुको कमीकमजोरी पत्ता लगाई सुधार गर्ने अवसर प्रदान गर्नु पर्दछ ।
- शैक्षिक सामग्रीहरु उपलव्ध गराउन शिक्षकहरुले आफ्नो पक्षबाट सक्रिय भूमिका निभाउनु पर्दछ ।
- शिक्षक मेहनती र अध्ययनशील हुनु पर्दछ ।
- शिक्षकले विषय वस्तुको प्रकृति हेरी शैक्षिक सामग्रीहरुको बढी भन्दा बढी प्रयोग गरी शिक्षण गर्नु पर्दछ ।
- कक्षा कोठा व्यवस्थापन गर्दा शिक्षकले जान्ने नजान्ने, अग्ला होचा अनुरुपका फर्निचर मिलाई व्यवस्थापन गर्नु पर्दछ ।
- शिक्षकहरुले हौसला बढाउन विद्यालय तहबाट अतिरिक्त सेवा सुविधाहरुको व्यवस्था गर्नुपर्दछ ।
- विद्यार्थीहरुको रुचि, क्षमता,चाहना , इच्छा अनुरुपका साथै विषयवस्तुको प्रकृति अनुरुप सकेसम्म बढी शिक्षण विधिहरु प्रयोग गरी शिक्षण गर्नु पर्दछ ।
- शिक्षकहरुले विषयवस्तुको प्रकृति अनुसार विद्यार्थी केन्द्रित विधि प्रयोग गरी शिक्षण गर्नु पर्दछ ।
- शिक्षकहरु आफ्नो तलब पकाउनुलाई मुख्य आशय नसम्झी विद्यार्थीहरुको भविष्य प्रति जिम्मेवार भई शिक्षण गर्नु पर्दछ ।

# सन्दर्भ सामग्री


अधिकारी, विष्णुप्रसाद (२०६५), *माध्यमिक तह अध्यापन अनुमति पत्र,* काठमाडौंः आशिष पुस्तक भण्डार, बागदरबार ।

अधिकारी जि.पि.(२०६६), *शिक्षा मनोविज्ञानको परिचय,* विराटनगरःथर्ड आइ पब्लिकेशन ।

उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५) ।

खनाल, पेशल (२०६४), *शैक्षिक अनुसन्धान,* काठमाडौंः सनलाइट पब्लिकेशन, कीर्तिपुर ।

खनाल, श्री प्रसाद (२०६५), *पाठ्यक्रम सिद्धान्त,* काठमाडौंः जुपिटर पब्लिकेशन, कीर्तिपुर ।

*माध्यमिक तहको अनिवार्य विषयहरुको पाठ्यक्रम,* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

महर्जन हिराबहादुर, उपाध्याय, हरिनारायण र पौडेल लेखनाथ(२०५८), *माध्यमिक गणित शिक्षा,* काठमाडौंः भूडीपुराँण प्रकाशन ।

महतरा, टेकेन्द्र कुमार (२०६६), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार सहायक,* काठमाडौंःइन्टेलेक्च्युअल्ज बुक प्यालेस ।

ढकाल, माधव, कोइराला, मातृका (२०५५,२०५७, २०६६) *शिक्षाका आधारहरु,* काठमाडौंः रत्न पुस्तक भण्डार ।

पाण्डे, रामकुमार (२०५६), *सामाजिक शिक्षा सिद्धान्त र शिक्षण,* काठमाडौंः रत्न पुस्तक भण्डार ।

पाठ्यक्रम विकास केन्द्र (२०६३), *नेपालमा विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारुप,* सानोठिमी, भक्तपुरःपाठ्यक्रम विकास केन्द्र ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०६५,२०६६), *शिक्षाका आधारहरु,* काठमाडौंःएम.के. पब्लिकेशन, भोटाहिटी ।

सामाजिक शिक्षा शिक्षक, स्रोत सामग्री (२०६०) ।

सिंह, नागेश्वर (२०६५), *कक्षा कोठामा मनोविज्ञान,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

वाग्ले, डा. मनप्रसाद र ढकाल, मातृका प्रसाद (२०६०,२०६१), *शिक्षाका आधारहरु*

काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३) ।

भट्टराई (२०००), NELTA Vol. 5, No.-2.

Panta (2004), A study on the effectiveness of discovery technique in teaching subject, verb, agreement in grade nine. M.Ed. unpublished thesis, Faculty of Education, T.U.

Sharma, B.K. & Phyak, P.B. (2009). Teaching English Language. Kathmandu:Students Books.

## अनुसूची नं. -१

### छनौटमा परेका विद्यालयहरुको नामावली

| क.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १. | श्री सेतीदेवी माध्यमिक विद्यालय | गेर्खु -१, नुवाकोट |
| २. | श्री कालिका माध्यमिक विद्यालय | गेर्खु -५, नुवाकोट |

## अनुसूची नं. -२

### छनौटमा परेका विद्यालयका प्रधानाध्यापकहरुको नामावली

| क.सं. | प्रधानाध्यापकको नाम | विद्यालयको नाम | ठेगाना |
|---|---|---|---|
| १. | श्री पुष्पराज नेपाल | श्री सेतीदेवी मा.वि. | गेर्खु -१, नुवाकोट |
| २. | श्री पुरुषोत्तम प्याकुरेल | श्री कालिका मा.वि. | गेर्खु -५, नुवाकोट |

## अनुसूची नं. -३

## छनौट भएका विद्यालयका शिक्षकहरुको पृष्ठभूमी

| शिक्षण गर्ने विषय | शिक्षकको नाम | योग्यता र विशिष्टीकरण विषय | तालिम | नोकरीको किसिम | उमेर वर्ष | अनुभव वर्ष |
|---|---|---|---|---|---|---|
| अंग्रेजी | लक्ष्मण न्यौपाने | एम.एड (अंग्रेजी) | बि.एड. | अस्थायी | २८ | ६ |
| | कमल पराजुली | बि.एड (अंग्रेजी) | बि.एड. एम.एड . | अस्थायी | २७ | २ |
| नेपाली | पुष्पराज नेपाल | एम.एड (नेपाली) | एम.एड . | स्थायी | ४६ | २० |
| | रुपा पाण्डे | बि.ए. ( नेपाली) | १० महिने | स्थायी | ४२ | ७ |
| गणित | कृष्णकुमार मल्लिक | बि.एसी. बि.एड (गणित) | बि.एड. | अस्थायी | ४५ | १७ |
| | श्रीकृष्ण प्याकुरेल | बि.ए. (जनसंख्या) | १० महिने | अस्थायी | ३१ | १० |
| विज्ञान | लक्ष्मी लो लामा | बि.एसी.बि.एड (विज्ञान) | १ वर्षे बि.एड. | अस्थायी | २५ | ३ |
| | करुणा धिताल | बि.एड (विज्ञान) | बि.एड. | अस्थायी | २२ | ३ |
| सामाजिक | धर्मदेव यादव | बि.ए. बि.एड (अंग्रेजी ) | बि.एड. | अस्थायी | ४५ | १७ |
| | पुरुषोत्तम प्याकुरेल | बि.ए. (भूगोल ) | १० महिने | स्थायी | ४६ | २८ |
| स्वास्थ्य, जनसंख्या तथा वातावरण | भोलाप्रसाद कुशवाहा | बि.कम.( लेखा) | १० महिने | स्थायी | ५६ | ३२ |
| | राधिका घिमिरे | बि.एड. (नेपाली ) | बि.एड | अस्थायी | २९ | ७ |

## अनुसूची नं. -४

लक्षित समूह छलफलका लागि छनौट गरिएका विद्यार्थीहरुको नामावली

| सेतीदेवी मा.वि. | | कालीका मा.वि. | |
|---|---|---|---|
| क्र.सं. | विद्यार्थीको नामावली | क्र.सं. | विद्यार्थीको नामावली |
| १. | केशव प्याकुरेल | १. | सविता प्याकुरेल |
| २. | सुदर्शन चालिसे | २. | पुरुषोत्तम प्याकुरेल |
| ३. | नवराज न्यौपाने | ३. | सविन गोदार |
| ४. | शान्ति कुशवाहा | ४. | सर्मिला प्याकुरेल |
| ५. | सुरेश तिम्सिना | ५. | नवराज चालिसे |
| ६. | दामोदर प्याकुरेल | ६. | पुजना प्याकुरेल |
| ७. | गीता चालिसे | ७. | राम चालिसे |
| ८. | बद्री ढकाल | ८. | सुरेश तिम्सिना |
| ९. | शन्जु चालिसे | ९. | दिनेश श्रेष्ठ |
| १०. | सुजन पाखिन | १०. | नविन पोखरेल |
| ११. | सूर्य तिम्सिना | ११. | प्रमिला घिमिरे |
| १२. | सिर्जना पौडेल | १२. | लक्ष्मण चालिसे |
| १३. | सुरेश पाण्डे | १३. | मिरा सापकोटा |
| १४. | दिवाकर प्याकुरेल | १४. | गोकर्ण चालिसे |
| १५. | मोहन घिमिरे | १५. | सरोज खनाल |

## अनुसूची नं. -५

प्रधानाध्यापकसँग गरिएको अन्तरवार्ताको निर्देशिका

| | |
|---|---|
| प्रधानाध्यापकको नाम : | विद्यालयको नाम : |
| शैक्षिक योग्यता : | कार्य अवधि : |
| तालिम : | लिङ्ग : |

१) तपाई शिक्षण पेशामा लाग्नु भएको कति वर्ष भयो ?

२) यस विद्यालयमा शिक्षण सिकाइ प्रभावकारी बनाउन के कस्ता प्रयासहरु गर्नु भएको छ ?

३) हाल विद्यालयमा अनिवार्य विषय शिक्षणका लागि प्रयोग गरिने सामग्रीहरुको उपलब्धता कस्तो छ ?

४) तपाई शिक्षण पेशामा लाग्नुको कारण के हो ?

५) तपाई एकै पटकमा प्रधानाध्यापक हुनु भयो कि विषय शिक्षक हुँदै क्रमैसँग हुनु भयो ?

६) तपाईको विषयगत दक्षता कुन विषयमा रहेको छ ?

७) विद्यालयको समग्र शैक्षिक अवस्था सुधारका लागि के कस्तो योजना बनाउनु भएको छ ?

८) आफु मातहतका शिक्षकहरुलाई शिक्षण सिकाइ कार्यमा कसरी सहयोग गर्नु भएको छ ?

९) शैक्षिक योजनाको निर्माणमा कस-कसलाई सहभागी गराउनु भएको छ ?

१०) अनिवार्य विषय शिक्षणका सन्दर्भमा विषय शिक्षकको गुनासो कस्तो पाउनु भएको छ ?

११) अनिवार्य विषयको शिक्षण क्रियाकलापमा तपाइले कसरी मद्दत गर्नु भएको छ ?

१२) विद्यालयमा विद्यार्थीको मूल्याङ्कन कसरी गर्नु भएको छ ?

१३) विद्यालयमा प्रधानाध्यापक, शिक्षक र विद्यार्थी बीचको सम्बन्धका बारेमा केही प्रष्ट पारि दिनु हुन्छ कि ?

१४) तपाईको विचारमा शिक्षकका व्यवहारमा सुधार गर्नु पर्ने पक्षहरु के-के होला ?

क) ....................................................................................................

ख) ....................................................................................................

ग) ....................................................................................................

घ) ....................................................................................................

ङ) ....................................................................................................

१५) अनिवार्य विषयहरुको शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन के-कस्ता उपाय देख्नु भएको छ ?

## अनुसूची नं. -६

विषयः शिक्षकसँग गरिएको अन्तरवार्ता निर्देशिका

शिक्षकको नाम :
शिक्षण अनुभव :
विद्यालयको नाम :
स्थायी ठेगाना :
लिङ्ग :
अस्थायी ठेगाना :
उमेर :

शैक्षिक योग्यता :

| क.सं. | तह | पास गरेको वर्ष | श्रेणी | पास गरेको संस्था | मुख्य विषयहरु |
|---|---|---|---|---|---|
| १. | एस.एल.सी. | | | | |
| २. | प्रमाण पत्र (+२) | | | | |
| ३. | स्नातक | | | | |
| ४. | स्नातकोत्तर | | | | |
| ५ | अन्य | | | | |

१) तपाई अनिवार्य विषय (पूरै) को शिक्षणमा कसरी आउनु भयो ?

२) यस विषयको शिक्षणमा तपाइलाई मन पर्ने पक्षहरु के -के छन् ?

३) मन नपर्ने अवस्था के के छन् ?

४) यस विषयको शिक्षणमा तपाईलाई मन पर्ने एकाइ कुन कुन छन् ?

५) यस विषयको शिक्षण कसरी गर्नु भएको छ ?

६) विषय शिक्षकको शिक्षण अनुभव :

| तह | विषय | अवधि |
|---|---|---|
| प्राथमिक | | |
| निम्न माध्यमिक | | |
| माध्यमिक | | |
| अन्य | | |

७) यस विषयको शिक्षणमा कुन कुन विधि प्रयोग गर्नुभएको छ ?

८) तपाइएको शैक्षिक पृष्ठभूमी भन्दा बाहिरका एकाइहरु शिक्षण गर्दा कस्तो समस्याको अनुभव गर्नु भएको छ ?

९) यस विषयका विभिन्न अन्तर विधागत एकाइको सम्बन्ध कसरी कायम गर्नु हुन्छ ?

१०) यस विषयको शिक्षणमा प्रधानाध्यापकले के कसरी सहयोग गर्नु भएको छ ?

११) यस विषयको शिक्षणमा आइपरेका समस्या समाधान गर्न के गर्न सकिन्छ ?

१२) यस विषयको शिक्षणमा विद्यार्थी सहभागिता कस्तो पाउनु भएको छ ?

१३) यस विषयको शिक्षणमा विद्यार्थी मूल्याङ्कन कसरी गर्नु हुन्छ ?

१४) यस विषयको शिक्षणमा सुधार गर्न तपाइले केही सुझाव दिनु हुन्छ कि ?

## अनुसूची नं. -७

कक्षा अवलोकन फारम नमूना

शिक्षकको नाम : कक्षा :

विद्यालयको नाम : पाठको नाम :

शिक्षण अनुभव : स्थायी ठेगाना :

शैक्षिक योग्यता : तालिम (किसिम/अवधि) :

विद्यार्थी संख्या :.... छात्र ..... छात्रा अस्थायी ठेगाना :

शिक्षकको कक्षा अवलोकन :

| क.सं. | अवलोकन क्षेत्र | क्रियाकलाप |
|---|---|---|
| १. | पूर्व तयारी | पाठयोजना निर्माण |
| | | शिक्षण विधिको छनौट |
| | | शैक्षणिक सामाग्री |
| | | कक्षा कोठा व्यवस्थापन |
| २. | प्रस्तुतिकरण | कक्षाको सुरुवात |
| | | शिक्षणमा प्रयोग गरेको विधि |
| | | धारणाको स्पष्टता |
| | | शिक्षण विधिको उपयुक्तता |
| ३. | अवलोकन | शिक्षकको हाउभाउ |
| | | बोलिमा प्रष्टता |
| | | शैक्षिक सामाग्रीको उपयुक्तता र सान्दर्भिकता |
| | | कक्षामा लैङ्गिक समानताका आधारमा शिक्षण |
| | | विद्यार्थी मूल्याङ्कन |
| ४. | शिक्षणको अन्त्यमा | पाठको सारांश |
| | | गृहकार्य |
| | | राम्रा पक्ष |
| | | सुधार गर्न सकिने पक्ष |

## अनुसूची नं. -८

विद्यार्थीहरुको लक्षित समूहसँग लिइएको अन्तरवार्ताको निर्देशिका

| | | | |
|---|---|---|---|
| विद्यार्थी नाम | : | विद्यालयको नाम | : |
| कक्षा | : | उमेर | : |
| रोल नं. | : | लिङ्ग | : |

१) तपाई सबैभन्दा प्रिय शिक्षक को हुनु हुन्छ ?

२) तपाईको लागि उहाँ प्रिय हुनुका कारण के हो ?

३) तपाईलाई सबैभन्दा बढी रोचक लाग्ने विषय कुन हो ?

४) त्यो विषय रोचक लाग्नुको कारण के हो ?

५) तपाईलाई अनिवार्य विषयको शिक्षण सिकाइ क्रियाकलाप कस्तो लाग्छ ?

६) प्रत्येक विषय शिक्षण गर्ने शिक्षकले कस्ता विधिहरु अपनाउनु भएको छ ?

७) उहाँहरुले शिक्षण गर्दा कस्ता शैक्षिक सामग्रीहरु प्रयोग गर्नु हुन्छ ?

८) उहाँहरुले तपाईहरु प्रति कस्तो व्यवहार प्रदर्शन गर्नुहुन्छ ?

९) उहाँहरुले तपाईहरुको मूल्याङ्कन कसरी गर्नु हुन्छ ?

१०) उहाँहरुले तपाईहरुलाई एक महिनामा कतिवटा परीक्षा लिनु हुन्छ ?

११) उहाँहरुले तपाईहरुलाई कस्ता खालका अतिरिक्त क्रियाकलापहरु गराउनु हुन्छ ?

१२) के उहाँहरुले तपाईहरुलाई दैनिक रुपमा गृहकार्य दिने र परीक्षण गर्ने गर्नु हुन्छ ?

१३) उहाँहरुले गरेको शिक्षण सिकाइ क्रियाकलापप्रति तपाईको धारणा के छ ?

१४) तपाईहरुले उहाँहरुको शिक्षण सिकाइका क्रममा के कस्ता समस्याहरु भोग्नु परेको छ ?

१५) ती समस्याहरु समाधान गर्न के कस्ता उपायहरु अपनाउन सकिन्छ ?

# Curriculum Vitae
# **Dharam Deo Yadav**

**<u>PERSONAL DETAILS:</u>**

| | |
|---|---|
| Name | : Dharam Deo Yadav |
| PARMANENT ADDRESS | : Kharagpur, VDC, Ward No.-4, Saptary(Nepal) |
| TEMPORARY ADDRESS | : Gerkhu VDC, Ward No.-5, Bitalab, Newakot (Nepal) |
| FATHER'S NAME | : Basu Deo Yadav |
| MOTHER'S NAME | : Thakani Devi Yadav |
| DATE OF BIRTH | : 2022-10-05 |
| SEX | : Male |
| MARITAL STATUS | : Married |
| RELIGION | : Hindu |
| HIGHT | : 5'5" |
| WEIGHT | : 55 Kg |
| NATIONALITY | : Nepali |
| LANGUAGE | : Maithili, Bhojpuri, Nepali, Hindi, English |
| CONTACT NO. | : 9841-826136, 9808721694 |

**<u>EDUCATIONAL QUALIFICATION:</u>**

a) S.L.C., I.A., B.A., B.Ed., M.Ed. (running)